# अध्याय: एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

समाजको प्रकृति गतिशिल छ । समयको अन्तराल संगै एक किसिमको सञ्चालनमा रहेको समाज अर्को किसिमको संरचनामा परिवर्तन हुन्छ । समाज विभिन्न एकाइहरुको जालो हो । समष्टिगत संरचनात्मक स्वरुप हो । यो संरचनात्मक स्वरुपमा निरन्तर परिवर्तन भइरहन्छ ।यस्तो परिवर्तन स्वभाविक रुपमा एंवम योजनाबद्ध रुपमा हुन्छ । उदाहरणका लागि आदिम अवस्थामा रहेको समाज पशुपालन कृषि सामन्तवादी हुदै पुँजीवादी व्यवस्थामा गुज्रिएको छ ।आदिम समाजमा मानिस प्रकृतिमा निर्भर थियो । सामाजिक संघ संस्था संस्थागत एंवम संगठित थिएनन् । आर्थिक एंव सामाजिक जीवन प्रणाली सरल थियो । यसैंगरी पशुपालन र कृषि समाजको संरचना आदिम समाजको भन्दा फरक रहयो् । सामन्तवादी एंव पूजीवादी समाज पनि विगतको समाज जस्तै छैन् । यी दुई पनि एक अर्कामा भिन्न छन् । यसरी समाज विकासको प्रक्रिया गतिहिन होइन गतिशिल छ ।

समाजलाई गतिशिल अवस्थामा पुर्‍याउन विभिन्न तत्वहरुले भुमिका खेल्दछन् । प्रथमतः मानिस विवेकशिल प्राणी हो, ऊ प्राणी जगतमा सर्वश्रेष्ठ छ । उ आफ्ना आवश्यकता समाधानका मार्गमा देखा परेका समस्या समाधान गर्न मानिसले विभिन्न भौतिक एंवम अभौतिक संस्कृति अवलम्बन गर्दै आएको छ । जब जब मानिसले नयाँ नयाँ प्रविधि औजार उपकरणका साथ साथै मूल्य मान्यता नैतिकता आदर्शको आविष्कार एंव अन्वेषण गर्दछ । तव स्वत समाजमा परिवर्तन आउँछ । उदाहरणको लागि कोइलाको प्रयोग, पानी जहाजको आविस्कार, प्रिन्टीङ मेशिनको आविस्कार, विद्युतका आविस्कार, हेलिकप्टर हवाइजहाजको आविस्कार, गाडी कम्पियुटरको आविस्कार आदी सबैले समाजमा परिवर्तन ल्यायो । यसैगरी अभौतिक सस्कृति मुल्य मान्यता धर्म आचारसंहिताको निर्माणमा पनि समाजमा परिवर्तन आउँछ । अर्थतन्त्र मुलुक गुडाउने इन्धन हो ।आर्थीक गतिविधि जति शसक्त र सन्तुलित रुपमा सञ्चालन हुन्छन् । त्यहि गतिमा समाज परिवर्तन हुन्छ, गतिशिल प्रक्रियाका रुपमा अगाडी बढ्दछ । “सरल अर्थतन्त्र सरल समाज, गतिशिल र वलियो अर्थतन्त्र गतिशिल समाज ।”(चैतन्य मिश्र वदलिदो नेपाली समाज)

हाम्रो जीविकोपार्जनको सामाजिक आधारमा पुर्नगठन भइरहेको छ । जस्तो उदाहरणको लागी पहिले मानिसहरु खान नपुगेपनि घरमानै बस्ने बाबुबाजेले जे गरेका थिए त्यहि पेशा अँगाल्ने अथवा भनौ त्यही माटो नै खोस्रीरहने प्रवृती, गाउँमा कहलीएको साहु भन्नेकोमा गई चाकडीबाज गर्ने प्रवृतीको विकास भएको थियो तर आज विकासले नयाँ मोड लिएको छ अथवा भनौ जीवनशैलीमा पुनर्गठन भएको छ ।यस्तो पुनर्गठन घर-घरमा,समुदाय-समुदायमा भैरहेको छ । पहिले जति जग्गा थियो जे खेति हुन्थ्यो, त्यसले अव परिवारलाई नपुग्ने भयो, अर्थात जिविकोपार्जनको लागि परम्परागत कृषि पेशा नपुग भएपछि यो पेशा नै छाड्नुपर्‍यो । अधिकांश व्यक्ति अर्को ठाउँमा गएर अर्कै पेशा अपनाउन प्रेरित भए अनि बाध्य पनि भए । श्रमको तुलनामा उत्पादन कम भएपछि आफ्नै ठाउँमा बसेर अर्कौ पेशा अपनाउँदा वा नयाँ ठाउँमा गएर अर्को पेशा अपनाउँदा घर परिवार र समुदाय संगको परम्परागत सम्बन्ध क्रमश खुकुलो हुदै गयो । धेरै जसो मानिस पिता-पुर्खा, रितिस्थिति र कुलको परम्पराबाट बाँधिएका थिए अब त्यसरी अर्को पेशामा जाँदा त्यो बन्धन पनि खुकुलो हुदै गयो । पहिले जस्तै घरमै बाँधिएर बस्ने अवस्था रहेन (मिश्र, २०६५) मानिसहरु परिवारको जकडबाट बाहिर निस्कदैछन । अखबार, टेलिभिजन, रेडियो जस्ता सञ्चारको क्षेत्रमा आएको विकासले मानिसहरु घरको बन्देजबाट, समाजको बन्धनबाट बाहिर निस्कदै विविधता अँगाल्ने कममा तिव्रता आएको छ ।

नेपाल दुई वेग्ला वेग्लै भौगोलिक र सांस्कृतिक परम्परा भएको देशहरुको बिचमा अवस्थित छ । परापुर्व कालदेखि नै उत्तर दक्षिण तर्फबाट अनेक जात जातीका मानिसहरु यहाँ बसोबास गर्न आएको पाइन्छ । (पोफन वर्गर १९८०) नेपाल विविध जात जाती भाषा भाषि र सम्प्रदायहरुको मुलुक हो जहाँ विभिन्न मानिसहरुको सामाजिक सांस्कृतिक शैक्षिक अवस्थाहरुको बारेमा बोध हुन्छ । नेपालमा १२५ भन्दा बढि जात जातीहरुको समुह छ जहाँ ५९ आदिवासि जनजातीहरु बसोबास गरेका छन् । जसले कुल जनसंख्याको ३६.३१% प्रतिनिधित्व गर्दछ । (केन्द्रिय तथ्याङ्क विभाग सन २००१) बराम जाती पनि एउटा महत्वपुर्ण आदिवासि जनजाती हो । यिनिहरु मंगोल समुहमा पर्दछन् । बरामहरुको मातृभाषा बालकुरा हो जसको अर्थ नेपालीमा मानव भाषा भन्ने बुझिन्छ । बरामलाई बरामु पनि भनिन्छ । बराम र बरामुहरु थरको लागि पनि प्रयोग गरिन्छ । (YADHAV ET. AL.2060), Hodson (1847) , Grierson (1909)हरुले पनि बरामु शब्दको प्रयोग गरेका छन् । सामाजिक आर्थिक राजनैतिक तथा शैक्षिक अवस्थामा उनीहरु पछाडी छन् । बरामहरु सिमान्तकृत

समुह अर्न्तगत पर्दछन् (NFDIN 2004) (Hodson 1840)भनाईअनुसार बरामहरुको उत्पत्ती भएको थलोलाई Ghargaभनिन्छ ।जुन कालिगण्डकि नदिको पुर्व क्षेत्रमा पर्दछ । Grierson (1903)का अनुसार बरामहरु नेपालको तराइबाट आएका हुन् । Grierson (1903)का अनुसार बरामहरु गण्डकी अञ्चल गोरखा जिल्लाको उत्तरी क्षेत्रका बासिन्दाहरु हुन् । दरौदी खोलाको किनारमा उनीहरुको बसोबास भेटिन्छ ।(Yadhav2060)बरामहरुको कुल जनसंख्या ७७७३ छ CBS(२००१) २९जिल्लामा बरामहरु छरीएर रहेका छन् त्यस मध्ये ९०% बरामहरु गोरखा जिल्लामा बसोबास गरेका छन् अध्ययन क्षेत्रमा १६२ जना बरामहरु छन् ।जसमा ७६ जना पुरुष र ८६ जना महिला रहेका छन् । फुजेल गाउँ विकास समिति गोरखा जिल्लाको पुर्वी भागमा पर्दछ ।

आजको २१ औ शताब्दीको युग प्रविधि र सञ्चारको युग तथा परिवर्तनको युग हो । हरेक क्षेत्रमा नयाँ सोच र शैलिको विकास हुँदै गइरहेको पाइन्छ । खाने पिउने कपडा लगउने, चाडपर्व मान्ने,पुजा आजा, जात्रा जस्ता कुराहरुमा पनि क्रमिक रुपमा परिमार्जन हुँदै गएका पाइन्छ । खासै गरी सामाजिक तथा सांस्कृतिक क्षेत्रमा बढी परिवर्तन आएको पाइन्छ । आफ्नो घरहरुको आँगन सफा सुग्गर राख्ने, रातो माटो तथा विभिन्न रङ्गहरुको प्रयोग गरी घरलाई विशेष गरी वडा दशैं तथा तिहारमा घर सजाएर चिटिक्क पार्ने काममा यी जातीहरु खप्पिस मानिन्छन् । नयाँ नयाँ विकास निर्माण कार्यमा सक्रियता देखाउने, सामाजिक जमघट तथा छलफलमा पनि उपस्थित हुने अन्य जातीका मानिसहरु सँग सम्पर्क बढाउने कार्यमा पनि परिवर्तन भइरहेको पाइन्छ । तै पनि बरामहरु रोजगारीका लागि शहर तथा विदेशतिर जाने गरेको पाइन्छ भने कोहि सेनामा र शहर बजार तथा बाहिरी मानिसहरुको सम्पर्क देखासिकीबाट बरामजातीको जीवनस्तरमा परिवर्तनको अनभुति गर्न सकिन्छ । भेषभुषा र गरगहना, भाषा, साहित्य र रहन सहन संस्कार, खानपान ,चालचलन, पेशा, शिक्षा, धामि-झाक्री, डाक्टर, सरसफाइ, राजनिति, आधुनिक खेति, सरकारी कामकाज आदि प्रतिको सोचाइमा परिवर्तन आएको पाइन्छ।

## १.२ अध्ययन समस्याको प्रस्तुती

विविध भाषा, धर्म, रहन सहन, विविध संस्कार बोकेका विविध जातीहरुले बसोबास गरेको देश चार जात छत्तिस वर्णको साझा फुलवारी हो । यो जातीय विविधताको देश भएपनि यहाँ रहेका विभिन्न जातीहरुको समाजशास्त्रीय अध्ययन भने सन् १९५० भन्दा

पछाडी मात्र स्वदेशी तथा विदेशी विद्वानहरुले सुरुवात गरेको पाइन्छ । यस्ता अध्ययनहरुको शुरुवात भएता पनि ति जातजातीहरुको स्थिति राम्रो छैन् ।उनीहरु अल्पविकसित साथै पिछडीएको वर्गमा पर्दछन् । यि अल्पविकसित, पिछडीएको तथा विकासको मुलप्रवाहमा पछि पारीएका सिमान्तकृत वर्गमा पर्ने जाती मध्ये बराम जाती पनि एक हो । जसको आफ्नै मौलिक संस्कृति र रहन सहन छ साथै आफ्नै विशिष्ट प्रकारको रितिरिवाज संस्कार चाडपर्व र पुजाआजा छन् । प्रत्येक जातीको संस्कृति त्यस जातीको मात्र नभएर राज्यको पनि संस्कृति हो ।

आज भन्दा २०वर्ष अगाडीको वराम जातीलाई हेर्ने हो भने उनीहरु गाउँमा कसैको विहे भयो भने डोले बनेर जानुपर्दथ्यो,घरवेटीले बोकाएका जति भएपनि भारी बोक्नुनै पर्दथ्यो तर हाल आएर वराम जातीहरुको यो पेशा लोप भएर गएको छ ।आफ्ना छरछिमेकका जसले काम गर्न बोलाएपनि यिनीहरु जानुपर्दथ्यो, यिनीहरु विशेषगरी घर बनाउने, भारी बोक्ने काममा प्रख्यात मानिन्थे । विवाह गर्ने प्रचलन पनि सानै उमेरमा हुन्थ्यो अथवा भनौ बालविवाहले जरो गाडेको थियो । विवाह गर्ने उमेर पुग्दासम्म त छोराछोरी जन्मीसकेका हुन्थे । बच्चा पाएसम्म पाईनैरहने चलन थियो भगवानले दिएसम्म हात थापीरहनुपर्छ भन्ने मान्यता थियो । परिवार नियोजनका लागी कुनै पनि साधन अपनाएको पाईदैनथ्यो । सन्तान जन्माउनका लागी अस्पताल जान हुदैन भन्ने मानसिकता थियो । कोही विरामी भए भने धामी झाक्री कहाँ गई झारफुक गर्ने चलन थियो । जति सन्तान भएपनि घरमानै बस्ने बालबालीकालाई शिक्षाको ज्योति छर्नुपर्छ भन्ने मानसिकता थियन । एकल परिवारमा कामको बोझ बढि हुन्छ र संयुक्त परिवारमा बसेर काम गर्न सजिलो हुन्छ भन्ने मान्यता थियो । लवाइ पनि सफासुग्गर गरेर लगाउदैनथे । खवाई पनि उस्तैनै थियो घर नजिकै सुँगुरको खोर विहानदेखि पकाएको खाना दिउसो तिर सबै जम्मा भएपछि खानेगर्दथे । पहिले देखि चलिआएको चालचलन छोड्नुहुदैन भन्ने मान्यता थियो । चाडपर्व मनाउदा जाड रक्सी शरीरले धान्न नसक्ने गरी खाएमात्रै चाडपर्व मानेको रमाईलो हुन्थ्यो रमाईलो सँगै झगडा पनि हुनेगर्दथ्यो एकआपसमा । धर्म कर्ममा भने कट्टर भएको पाईदैनथ्यो । मठमन्दिर जाने बाहुन मात्रै हुन भन्ने मानसीकता थियो । आफ्नो संस्कृती जोगाउन भने यिनीहरु लागी पर्दथे । वर्षको एक पटक चण्डिपुर्णिमामा आफ्नो जातीको मात्रै आफ्नै भेषभुषामा सजिएर नाचगान गर्दथे । नाचगानमा भने उनीहरु नेपाली भाषा नै प्रयोग गर्दथे । तर हाल आएर यी जातीहरुमा धेरै चेतना भरिएको पाईन्छ किनकी उनीहरु अब अरुले भनेको कुरा मान्दैनन,

आफ्नो लागी आफै निर्णय गर्न सक्ने भएका छन (फुजेल वराम संघको पुस्तिका २०७२) ।उनीहरुको दुई  दशक भन्दा अगाडी यिनीहरुको व्यक्तिगत रुपमा चर्पी थिएन यिनीहरुको प्रत्येकको घरमा सुँगुर पाल्ने चलन थियोदिशापिशाब गर्नको लागी उक्त सुँगुरको खोरमा नै प्रयोग गरेको पाईन्थ्यो । तर यो समयको अन्तरालमा प्रत्येकको घरमा १/१ वटा पक्की चर्पी बनाएका भेटिन्छ ।पहिलेको जस्तो घर फोहर हुने अवस्था अहिले नभएको पाइन्छ । विवाह गर्दा पनि उमेर नपुगी विवाह गर्नहुदैन यद्येपी गरियो भने आमा र बच्चा दुवै जना खतरामा हुन्छन भन्ने मानसिकताको विकास भएको छ ।बालबच्चा जन्माउनका लागी स्वास्थ्यकर्मी कहाँ जाने बानीको विकास भएको छ । बिरामी हुदा धामी झाक्रीकहाँ जान छोडेर अस्पताल धाउन थालेका छन । छोराछोरी पढाउनका लागी घर छोडेर शहरबजार तिर डेरा लिएर बस्न थालेका छन् । संयुक्त परिवारलाई छोडेर विस्तारै एकल परिवार तर्फ आर्कषित भएका छन् । लवाई खवाईमा विस्तारै शहरबजारमा खाने लाउने जस्तै नक्कल गर्न थालेका छन् । घरमा आएका पाहुनाको सत्कारका लागी जाड रक्सीले गर्नुको सट्टा चियाले गर्न थालेका छन् । चाडपर्वमा धेरै अनावश्यक खर्च गर्ने बानी बिस्तारै पछाडी धकेलीदै छ । धर्म कर्ममा पनि विशेष लगाव देखिन्छ । घरवरिपरि सफासुग्गर राख्ने प्रवृतिको विकास भएको छ। चाडपर्व मनाउदा खाने पिउने क्रम घटेको हुदा एकअर्कामा झै झगडा गर्नहुदैन भन्ने मानसिकताको विकास भएको छ । मृत्यु संस्कारमा पनि अन्यजातीको सहयोग लिनुहुदैन भन्ने मानसिकता विस्तारै परिवर्तन भई अन्य जातीको पनि सहयोग लिन थालेका छन् । यो वराम समुदाय हिजोआज अन्य जातीको समुदायको चालचलन, रितिरिवाज, परम्परासँग मिल्दो जुल्दो देखिन्छ । बराम जातीको सामाजिक परिवर्तन तथा रहन सहनको ऐतिहासिक तथ्यहरु संकलन गर्ने र जनसाङख्यिकी अवस्थाको वास्तविक अध्ययन गरी एउटा लेख तयार गर्न गोरखा जिल्लामा आएका बरामहरुले के कस्तो अवस्थामा जीवनयापन गरीरहेका छन् तथा अन्य सांस्कृतिक समुहका मानिसहरुको सम्पर्कबाट तिनीहरुको संस्कार रहनसहन र धार्मिक पक्षमा आएको परिवर्तनको बारेमा अध्ययन गर्ने प्रयास यस अध्ययन मार्फत गरिएको छ ।

अध्ययनका प्रमुख समस्याहरु निम्न छन् ।

१. गोरखा जिल्ला फुजेल गा.वि.स. मा बराम जातीको उत्पत्ति कसरी भयो ?

२.	फुजेलगा.वि.स. वडा न १ मा बसोवास गर्ने वराम जातीमा विगत २० वर्ष देखि हालको अवस्थासम्म आईपूग्दा जिविकोपार्जनमा के परिवर्तन भएको छ ?

३.	फुजेल गा.वि.स. वडा न १मा बसोवास गर्ने बराम जातीको सामाजीक संस्कारमा के परिवर्तन आएको छ ?

४.	फुजेल गा.वि.स.वडा नं १ मा बसोबास गर्ने वराम जातीहरुको भेषभुषामा के परिवर्तन आएको छ ?

## १.३ अध्ययनको उदेश्यहरु

१)	विगत २०वर्ष भन्दा अगाडीको जिविकोपार्जनको अवस्था हालसम्म आईपुग्दा भएको परिवर्तनका अवस्था पत्ता लगाउनु ।

२)	फुजेल गाविस वडा न १ मा बस्ने वराम जातीहरुको सामाजीक संस्कारमा आएको परिवर्तनको अवस्था पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

हालसम्म गोरखा जिल्ला फुजेल गा.वि.समा बसोबास गर्ने बराम जातीको बारेमा समाजशास्त्रीय अध्ययन अनुसन्धान नभएकाले भविष्यमा यस जातीको अध्ययनका बारेमा चासो राख्ने अध्ययन कर्तालाई यस अध्ययनले सन्दर्भ सामग्रीको रुपमा काम गर्नेछ ।यस अध्ययन परनिर्भरताको सिदान्त अनुसार वरामहरु शोषित हुन शोषक होइनन् । यिनीहरु मेट्रोपोलिस राष्ट्रहरुमा परनिर्भर बन्न बाध्य भएका छन् ।यिनीहरुको स्रोत र साधनलाई विदेशी तथा स्वदेशी, हुने खाने वर्गले आफ्नो हित अनुकूल प्रयोग गर्दछन् । वराम जातीमा उदारीकरणको सकारात्मक प्रभाव पारेको देखिन्छ ।जस्तै वैदेशिक रोजगारहरु खुलेका छन् विश्व बजारमा उनीहरुले पनि प्रवेश पाएका छन् अब उनीहरुको विकास गर्न पर्ने कुरामा सबै जातीको ध्यानकर्षण बढेको छ । यस अध्ययन बरामहरुको आफ्नै जातीको जातीय अस्तित्व, सामाजिक परिवर्तनतर्फ सहयोगी हुनेछ । बरामहरुको सम्बन्धमा खोज अनुसन्धान गर्न चाहने अन्य व्यक्तिहरुको लागि वा शोधकर्ताहरुको लागी सहयोगी हुनेछ । यस जातीको सामाजिक परिवर्तनको अध्ययन गर्न सहायक सिद्ध हुनुका साथै यस जातीलाई अझ

सामाजिक अवस्थामा परिवर्तन ल्याएर विकास गर्ने संघ सस्था तथा निति निर्माणलाई सहयोगी सावित हुनेछ ।

## १.५ साङगठनिक ढाँचा

यस शोधपत्रमा जम्मा सातओटा अध्यायहरु समावेश परिएका छन् । अध्याय एकमा अध्ययनको परिचय, अध्याय दुईमा सन्दर्भ साहित्यको अध्ययन, अध्याय ३ मा अध्ययन विधि, अध्याय ४ मा अध्ययन क्षेत्र र जनसंख्या, अध्याय ५ मा बराम जातीको परिचय र उत्पतीको इतिहास, अध्याय ६ मा बराम जातीको सामाजिक अवस्थामा आएको परिवर्तन, अध्याय ७ मा सारांश निष्कर्ष र सुझावहरु समावेश गरिएको छ ।

# अध्याय : दुई

## सन्दर्भ साहित्यको अध्ययन

नेपालका विविध जातीहरुको अध्ययन अनुसन्धान केवल भौगोलिक अनुकुलता भएका ठाउँहरुमा मात्र वढी भएको पाइन्छ । यस्ता अध्ययन अनुसन्धान समाजशास्त्रीय तथा मानवशास्त्रीय ढंगबाट सन १९५० भन्दा पछाडीबाट मात्र भएको पाइन्छ । यस्ता अध्ययनहरु मुख्यतया हिमाली र पहाडी क्षेत्रमा बस्ने शेर्पा, तामाङ्ग, गुरुङ्ग, मगर, नेवार, राई लिम्बु, राउटे आदिमा मात्र बढी केन्द्रित भएको पाइन्छ । तराई क्षेत्रमा बसोबास गर्ने थारु जातीको केहि मात्रामा अध्ययन गरेको पाइयता पनि देशको विभिन्न भौगोलिक क्षेत्रमा बसोवास गरेका सिमान्तकृत वर्गमा पर्ने जातीहरुको बारेमा विस्तृत अध्ययन अनुसन्धान हाल सम्म हुन सकेको पाइदैन । यस्तै सिमान्तकृत वर्गमा पर्ने जाती बराम पनि एक हो । सिमान्तकृत वर्गमा पर्ने जातीको बारेमा गरीएको अध्ययनबाट तयार पारीएको लेख, पुस्तक तथा अन्य सामग्रीका आधारमा बराम जातीको ऐतिहासिक पृष्ठ भुमिमा र उनीहरुमा आएको सामाजिक परिवर्तनलाई व्यवख्या र विश्लेषण गर्न सकिन्छ ।

हुनत James F fisher (2010)भन्नुहुन्छ ५० वर्षको अन्तरालमा पनि कुनै परिवर्तन नभेटेको कुरा गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ त्यतिबेला बिरलै काठमाण्डौ उपत्यकामा कारहरु गुड्ने गर्दथे, होटल रेस्टुरेन्टहरु कता कतै भेटिन्थे ।हाल आएर अत्याधिक परिवर्तन भएको प्रशस्त कारहरु गुड्ने र प्रशस्त होटल रेस्टुरेन्टहरुमा मात्र देखेका वताउछन ।उहा भन्नुहुन्छ कतिपय मानवशास्त्रीहरुले वृदाअवस्था भएपछिको अवस्थालाई सामाजीक परिवर्तन भनेका छन यो हास्यास्पद छ। नेपालका मानवशास्त्रीहरु गाउँको अध्ययन गर्दछन् अरुले जे अध्ययन गरेका छन् त्यसमा मात्रै गरेका छन् छुट्टै नयाँअध्ययन गर्न जान्दैनन् भनि Globalisation in Nepalमा उल्लेख गर्नुभएको छ ।

जसरी चैतन्य मिश्र(२०६३) ले परिवर्तनको मूख्य पाटोको जरो खोज्न समाज र जीवनमा भईरहेको व्यापक पुर्नगठनका चरित्रलाई उधिनेर हेनूपर्छ भन्नुभएको छ । त्यस्ता पुर्नगठन मध्ये सबैभन्दा महत्वपुर्ण छ । जिविकोपार्जन प्रणालीमा आएको परिवर्तन ।नेपालको कृषि प्रधान भन्ने पहिचान अव अर्धसत्य वनि सकेको छ ।कुनै व्यक्ति वा परिवारको स्वामित्वमा रहेको जमिनले अधिकाशं किसान वा श्रमिकलाई बाधेर राख्न सक्ने स्थिति अब

छैन । तिन चार पुस्तादेखि देखिएको यो स्थितीको असर र प्रमाण नै हो । श्रममा आधारित जिविकोपार्जन र बसाईसराईको प्रवृत्ति । यसले मानिसहरुलाई पारस्पारीक चरित्रको सामाजिक व्यवस्थाबाट  स्वतन्त्रता र मुक्ति दिएको छ । त्यसका साथै पुर्ख्यौली र पारिवारिक जायजेथामा आश्रित नरहने तथा आफै गरिखाने ढोका खोलीदिएको छ । आफ्नै कुल, वंश , नाताकुटुम्व, जाती समुदाय मुखिया आदिको नियन्त्रणबाट समेत बराम जातीहरु टाढा रहेको यस अध्ययनले देखाएको छ ।हुने परिवारको पारिवारिकता निकै हदसम्म कायम रहेपनि नहुने परिवार छिट्टै सङकटमय हुने र धेरैका लागी टुट्ने अवस्थामा पुगेको छ । संयुक्त परिवार छाडी एकल परिवार जोगाइराख्न यो समुदायलाई कठिन हुदै आएको छ । भारत जानु, तराई झर्नु काठमाण्डौ छिर्नु, आर्मीपुलिसमा भर्ती हुनु र विदेश जानु पारिवारिक सम्बन्ध बनाईराख्ने मुख्य बाटो बनेको छ ।वर्तमान नेपालका झण्डै सबैजसो परिवारमा कोही न कोही सदस्य नवनिर्माणको दौडमा देश भन्दा बाहिर बाहिरीयका छन् (चैतन्य मिश्र २०६६ असोज)त्यसरीनै गोरखा जिल्ला फुजेल गा.वि.स.वडा न १ मा बसोबास गर्ने यी जातीहरुको पनि हविगत उस्तै छ । पारिवारिक परिवर्तन, गाँउमा अशक्त र रोगी तथा एक्लाएक्लै, वृद वृदाले पुर्ख्यौली घर कुरेको र हालका गरिखाने युवापुस्ता बाहिरिएको यो अध्ययनले देखाएको छ । साथै नागरिक अधिकार,सामाजिक संस्कारहरुमा सहभागीता, पैतृक सम्पत्ति, प्रजनन शिक्षा, स्वास्थ्य आदी विषय र क्षेत्रमा पुरुष प्रधान निति नियम,संरचना र मुल्य मान्यता पुर्नगठित भईरहेका छन् । उनीहरुको अरु जातीसँगको सम्बन्धमा पनि पुर्नगठनकै क्रममा छ । केहि हदसम्म पारस्पारीक दायराभित्रै वाधिएका यी वराम जातीहरु र अन्य छिमेकमा बसोबास गर्ने जातीबिचको भेदभावपुर्ण सम्बन्ध पनि सार्वजनिक क्षेत्र, शहरबजार र नयाँ बसोबास क्षेत्रमा खुकुलो बन्दै गएको यस अध्ययनले देखाएको छ ।

नेपालमा बराम जातीको बारेमा व्यवस्थित र ठोस अध्ययन हुन सकेको पाइदैन् । Grierson (1901)ले आफ्नो अध्ययन “Linguistic Survey India" Vol.26-317…..)र Bista (2004)ले आफ्नो अध्ययन नेपालका जनतामा नेपालमा भएका आदिवासि जनजातीहरुको चित्राङकन् गरेका छन् । Bistaका अनुसार दनुवार र माझीहरुमा भन्दा बरामहरु बढी मङगोलियन देखिन्छन् ।  किनभने उनीहरुले बोल्दा Tibeto-Buram tongueको लवज पाइन्छ । Bhatta (1992)ले आफ्नो अध्ययन विवाद र वास्तविकतामाउल्लेख गरे अनुसार बरामहरुको स्थिति या ठाउँहरु भनेको गोरखा जिल्लाको पन्द्रुङ पाँचखुवा देउराली मसेलमा बराम  भाषा र बराम भाषाहरुको लवज देख्न र सुन्न पाइन्छ । गोरखा बराम संघ २०५६ ले प्रकाशन गरेको

“बराम जातीको एक झलक” मा १००शब्दहरु र वाक्यहरुलाई बराम भाषामा लेखिएको छ। गोरखा बराम संघ २०६० ले “बराम जातीको मातृभाषा र शब्दकोष” मा बराम भाषा र एउटा बराम संस्कारको बारेमा वर्णन गरीएको छ। सरकारको निति निर्माणमा वरामहरुको बारेमा कहि कतै उल्लेख नभएकाThapa(१९९६) ले आफ्नो अध्ययन (A People in transitional )मा उल्लेख गरेका छन् तिनीहरु परम्परागत कृषि प्रणालीमा भएकाले आर्थीक स्तरमा कुनै परिवर्तन नदेखिएको र शिक्षा तथा स्वास्थ्य सेवा सुविधा लिन कठिनाई भएको कुरा उक्त अध्ययनले प्रष्ट्र पारेका छ । भट्ट(२००४) ले उनको अध्ययनमा बरामहरुको सस्कृती, भाषा र सामाजिक जिवनको बारेमा उल्लेख गरेका छन् । दाहाल (२००९) ले विकासको गति र संर्घषमा बरामहरु नराम्ररी प्रभावित भएका छन् भनि उल्लेख गरेका छन् Ukyab, Tamla and Adhakari(२००१) मा उल्लेख भएअनुसार वरामहरु मंगोल समाजबाट उत्पत्ती भएका हुन । यादव(२०६२) ले आफ्नो अध्ययन वराम जातीको संस्कृतीमा वराम जातीको पुजा, चाडपर्व,र नातेदारी प्रणालीको बारेमा उल्लेख गरिएको पाईन्छ ।यस जातीका बारेमाHodson (1857) ले आफ्नो अध्ययन “हिमालयन मानवशास्त्र” मा उल्लेख गरे अनुसार बरामहरु नेपालका आदिबासि हुन भनी उल्लेख गरेका छन्।

आजभन्दा दुई दशक अगाडीको वराम जातीका मानीसहरुको जीवनस्तर दुःखदायी नै थियो। विहानको ठिक ४ बजेबाट उठेर ढिकीजातो, पानीपधेरो गर्ने चलन थियो । खानेपानीको सुविधा गाउँसम्म पुगेको थिएन। टाढा टाढा डोकोमा गाग्री हालेर बोकेर ल्याउनुपर्दथ्यो तर आजकल यी वरामजातीहरु सुविधामुखि भएका छन् । मुहानबाट पानीको पाईप विछ्याई घरदैलो सम्म खानेपानी ल्याउन सफल भएका छन् । जुन पानी लुगा धुन, नुहाउन, वस्तुभाउलाई खुवाउन प्रयोग गरेको स्थानिय कृण्ण कुमारी वराम बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ अब पहिलाको जस्तो रातीदेखि उठेर काम धन्दा गर्ने जमाना गयो । उज्यालो भएपछि मात्र उठिन्छ र काम गरिन्छ भनेर। उता ८३ वर्षीया सुकमाया वराम वताउनुहुन्छ बुहारी उठ्दैनन म बुडीले उठेर के गर्छु र ? उनीहरु म उठेपछि उठ्छन् भन्यो उठ्दैनन् उहाँको भनाई यस्तो थियो। समयको परिवर्तन सँगै युवाहरुलाई परिवर्तन गरायको छ भने पुराना वृद्ध वृद्धालाई भने यो चलन मन परेको छैन। उनीहरुको भनाई छ ”बुहारी भएपछि राती देखि उठेर काम गर्न पर्छ तर छोराहरु भने आराम गरेर बस्ने हुन ।” दुई दशक अगाडी वरामहरुको अवस्थालाई फर्केर हेर्दा फुजेल १ रिमालबारी खुदीटारमा बसोबास गर्ने वराम जातीहरुको आयस्तर केहिबाट पनि देखिदैनथ्यो, कुखुरा वाखा ,सुगुर पाले पनि आफुले

नै धेरै जसो खाने गर्दथे र केहि बेचेपनि न्युन मुल्यमा दिने गर्दथे । यसले परिवारको खर्च टार्न मुश्किल पर्दथ्यो । तर वर्तमानमा यिनै वराम जातीहरु घरमा पनि कुखुरापालन, वाखापालन गरी आफ्नो खर्च टारेको पाईन्छ गरिखाने युवा वर्गहरुमा गरिखानुपर्छ भन्ने धारणा आएको छ भने बुढापाकाहरु भने पाएसम्म आफ्नो पुरानो चलन नछोड्ने बताउछन् (Village profile२०७२) । युवावर्गहरु गाउँमा बसेर केहि भएन भनेर रोजगारका लागी देश विदेशका कुना काप्चामा पुगेका छन कमाएर ल्यायका छन् वैदेशिक रोजगारका कारणले उनीहरुको जीवनास्तर दीन प्रतिदिन परिवर्तन हुदै गएको छ ।

माथी उल्लेखित साहित्य समिक्षालाई हेर्दा विभिन्न विद्वानहरुले बराम जातीको सम्बन्धमा विभिन्न पुस्तकहरु प्रकाशित गरेता पनि बराम जातीको सामाजिक अवस्थामा आएको परिवर्तनको अध्ययन गरेको पाइदैन । त्यसैले यस अध्ययनमा बराम जातीको सामजिक अवस्थामा आएको परिवर्तनको अध्ययन गर्ने प्रयास गरिएको छ । हालसम्मका खोज अनुसन्धान गर्ने कार्यमा नेपालका बारेमा धेरै जात जातीका बारेमा लेख रचना शोधकर्ता एंवम विद्यावारीधि समेतको प्रयोजनमा उल्लेख गरीएको पाइन्छ । तर पनि बराम जातीमा आएको सामाजिक परिवर्तनको बारेमा भने खासै अध्ययन भएको पाइएन ।यहाँ यहि खाँचोलाई संक्षेप र आंशिक रुपमै भए पनि बरामजातीहरुमा आएको सामाजिक परिवर्तनका बारेमा सामान्य जानकारी गराउने हेतुले यो शोधकार्य परिलक्षित गरिएको छ ।

## अध्याय : तिन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययनको लागि निश्चित पद्धतीको आवश्कता पर्दछ प्रस्तावनामा उल्लेखित उद्देश्यको प्राप्तीका लागि तथ्याङ्क संकलनको सहि र उपयुक्त प्रविधिको आवश्कता हुन्छ । यस शोध अध्ययनको लागि अन्वेषणात्मक एंवम वर्णनात्मक विधिको प्रयोग गरीएको छ । अर्न्तवार्ता, अवलोकन विधिको प्रयोग गरी तथ्याङ्क संकलन गरीएको छ । साथै आवश्यकता अनुसार द्धितीय तथ्याङ्कको संकलन गरीएको छ ।

## ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

देशभर छरिएर रहेका बराम जातीको विवरण यस शोध कार्यमा संभव नहुने भएकाले गण्डकी अञ्चल, गोरखा जिल्ला, फुजेल गा.वि.स.वडा नं १ मा पर्ने रिमालबारी खुँदीटारमा बसोबास गर्ने बराम जातीमा केन्द्रित रहि शोधपत्र तयार गरीएको छ । यसबाट देशभर छरीएर रहेका सबै बराम जातीको सामाजिक अवस्थामा आएको परिवर्तनले यहि प्रकृतीमा रहेका बराम जातीको झलक दिन सक्छ भन्ने आशा लिएको छु ।

अध्ययन क्षेत्र छनौटका मुख्य कारणहरु

१. हालसम्म फुजेल गा.वि.स.का बराम जातीमा आएको सामाजिक परिवर्तनको बारेमा ठोसअध्ययन नभएकाले ।

२. बराम जातीको फुजेलमा उत्पतिको बारेमा सबैलाई ज्ञान दिलाउनको लागि ।

३. बराम जातीमा आएको सामाजिकपरिवर्तनको ऐतिहासिक खोज गर्न ।

## ३.३ अध्ययनको समग्र तथा नमुना छनौट

गोरखा जिल्लाको फुजेल गा.वि.स. वडा नं. १,४,५,७,८ र ९मा मात्र बरामहरुकोबसोबास रहेको पाइन्छ । उनीहरुको जम्मा घरधुरी संख्या ५१ रहेको छ । जसमा

रिमालबारी खुँदीटार गाउँ बडा नं. १ मा २४ घर धुरी संख्या रहेको छ। यस गा.वि.स. का विभिन्न वडामध्ये वडा नं. १ को २४ घरधुरी सबै अध्ययनमा समेटेको छु र अध्ययन गर्दा सबै घरको अध्ययन गरेकी छु । अध्ययन क्षेत्रमा २४ घरमा १६२ जना बरामहरु छन् ।जसमा७६ पुरुष र ८६ जना महिला रहेका छन् ।छनौट गरीएका घरका घरमुलीहरुाई प्रत्येक घरका १/१ जनालाई भेटि शोधकर्ताले तयार पारीएको अनुसुचीको आधारमा प्रश्न सोधि तथ्याङ्क संङकलन गरीएको छ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यस शोधपत्रमा प्राथमिक र द्धितीय दुई प्रकारका तथ्याङ्कहरु संकलन गरीएको छ ।प्राथमिक तथ्याङ्क क्षेत्रगत आधारमा ल्याइन्छ भने द्धितीय तथ्याङ्कहरु ग.वि.स., जि.वि.स. साथै अन्य गैर सरकारी संस्था, प्रकाशित लेख रचनाबाट ल्याइएको छ।

## ३.५तथ्याङ्क संकलन विधि

यस अध्ययनको तथ्याङ्क संकलन विधिहरुमा घरमुलीसंगको अर्न्तवार्ता, विशेष व्यक्ति संगको अर्न्तवार्ता र अवलोकन पद्धति प्रयोग गरी तथ्याङ्क संकलन गरीएको छ।

### ३.५.१अर्न्तवार्ता

यस पद्धती मार्फत समाजमा भएका सामाजिक प्रक्रियाहरु बुझ्न, सामाजिक परिवर्तनको बारेमा सत्य तथ्यको स्वरुपलाई बुझ्नका लागी अध्ययन पद्धतीका आधारमा पुनरावृत्ति अर्न्तवार्ता लिई तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा १० जनासँग प्रश्नावली तयार पारेर संरचनात्मक अर्न्तवार्ता र ५ जनासँग प्रश्नावली तयार नपारीकन घर घरमा गई असंरचनात्मक अर्न्तवार्ता लिइएको छ।

### ३.५.२जान्ने सुन्ने व्यक्ति संगको अर्न्तवार्ता

यस अध्ययन क्षेत्रमा बसोबास गरेका बरामहरुको सामाजिक र उनीहरुले मान्दै आएको चालचलन चाडपर्व, पुजाआजा साथै उनीहरुको समुदायको जातीय वर्गीकरणका बारेमा परम्परा देखि चल्दै आएको चालचलनहरुको बारेमा र हाल अन्य समुहहरुको सम्पर्कबाट आएको परिवर्तनको बारेमा समुदायको जेष्ठ जागरीक, जनप्रतिनिधि, जान्ने सुन्ने

शिक्षक गरी ५जना जान्ने व्यक्ति संग व्यक्तिगत रुपमा अनिर्देशित अर्न्तवार्ता लिई तथ्याङ्क संकलन गरीएको छ ।

### ३.५.३अवलोकन पद्वती

अध्ययन क्षेत्रका बराम जातीको घरजग्गामा गएर त्यहाँ भएका प्रष्ट देखिने सुचनाहरु, खाने बस्ने तरिका, भेषभुषा, चाडपर्व, जीवनशैली, धर्म, आदिको सम्पुर्ण परिवर्तनको  सर्वाङ्गिण पक्षलाई ध्यान दिनका लागी कुनै बाधा विना अध्ययन क्षेत्रमा सहभागी भई वास्तविक वस्तुस्थीतिको अवलोकन गर्नका लागी असंरचित अवलोकन गरी उनीहरुले गरेका प्रत्येक व्यवहारहरुलाई नियालेर तथ्याङ्क सङकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको प्रस्तुती एंव विश्लेषण

स्थलगत अध्ययन्मा र अन्य स्रोतहरुबाट संकलन गरीएको तथ्याङ्कहरुलाई तथ्याङ्कको प्रकृति अनसार वर्गीकरण गरी विश्लेषण गरीएको छ । परिमाणात्मक प्रकृतिका तथ्याङ्कहरुलाई साधारण तथ्याङ्कीय विधिमार्फत तालिकामा राखि विश्लेषण गरीएको छ भने गुणत्मक प्रकृतिका तथ्याङ्कहरुलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरीएको छ ।

## ३.७ अध्ययनका सीमाहरु

यस अध्ययन स्नातकोतर उपाधीका लागि गरिएको हुनाले अध्ययन क्षेत्रका सबै बरामहरुको घरपरिवारलाई समावेश गर्न समय र आर्थीक अभावका कारण सकिएको छैन् साथै यस अध्ययनका निष्कर्षहरु यस्तै प्रकृतिमा रहेका वा बसोवास गरीरहेका बराम समुदायमा बाहेक देशभरमा सबै बरामहरुको हकमा लागु नहुन सक्छ । एक विद्यार्थीको हैसियतले गरिएको अध्ययन भएकाले समग्र स्रोत साधन एंव आर्थीक कठिनाइका कारणले यस अध्ययनले बराम जातीको समग्रतालाई समेट्न सकेको छैन् । तापनि यस जातीको सामाजिक अवस्थामा आएको परिवर्तनको विस्तृत अध्ययन गरी निस्कर्ष निकालिएको छ तसर्थ यसको दायरा सिमित हुन पुगेको छ ।

# अध्याय :चार

# अध्ययन क्षेत्र र जनसङ्ख्या

## ४.१ अध्ययन क्षेत्रको परिचय

यस अध्यायमा अध्ययन विषयको गहिराई र तुलनात्मकबोधको लागी अध्ययन क्षेत्रको भौगोलिक अवस्था, हावापानी स्वाथ्य,यातयात र संञ्चार, जनससङ्ख्या, वराम जातीको उत्पत्ति, वराम जातीको परिचय बराम जातीमा आएको सामाजिक परिवर्तनको बारेमा जानकारी दिने प्रयास गरिएको छ।

## ४.१.१भौगोलिक अवस्था

विविधताको माला भित्र रहेको पश्चिमाञ्चल विकाससक्षेत्रमा पर्ने गण्डकी अञ्चलको पुर्वतर्फ अवस्थित एक पहाडी जिल्लाको नाम हो गोरखा । जसमा आफ्नै पहिचानको अटलतामा रहेको फुजेल गा.वि.स रहेको छ । यो गा.वि.स नामकरणको पुरानो भनाईअनुसार “ फुयल” भन्ने जाती यहाको पुरानो वासिन्दा थिए । उक्त जातीको नामका आधारमा “फुजेल’’नाम रहन गएको हो भन्ने जनश्रुती छ । हाल पनि त्यस्तै धेरै गाउको नाम पनि कुनै जाती/थर विशेषकै आधारमा रहेको उदाहरणबाट पनि प्रस्ट्र छ।गोरखा जिल्लाको दक्षिण पुर्वमा रहेर मनासलु हिमालसँग मुस्कुराउदै हिमालबाट उत्पत्ती भएर सुसाउदै गुज्रदै सानदार तबरबाट बहने बुडीगण्डकी नदिको काखमा पुर्वबाट उचाई छेड्दै पश्चिमसम्म लमतन्न फैलियको शिरमा शोभायमान भैरवीको मन्दिर रहेको छ ।प्राकृतिक सम्पदाले भरिएको फुजेल गाविस ग्रामिण क्षेत्रको ज्वलन्त उदाहरण हो । यो जिल्लालाई ६० गा.वि.स र २ नगरपालिकामा विभाजन गरिएको छ । यो जिल्लाको कुल जनसङ्ख्या २७१,०२० छ जसमा पुरुषहरु १२१,०४१ छन् भने महिलाहरुको सङ्ख्या १५०,०२०छ । जिल्लाभरिमा ६६,५०६ घरधुरी सङ्ख्या रहेको छ । जनसङ्ख्या वृद्धिदर ०.५५ छ(C.B.S२०११)मन्दिर,हिमाल तथा प्राकृतिक संम्पदाले भरिपुर्ण र गाँउवेशीहरुमा यो जिल्ला प्रसिद्ध जिल्ला हो ।

प्रसिद्ध हिमाल मनास्लु यहि जिल्लामा पर्दछ । प्रसिद्ध मन्दिरहरु मनकामना, गोरखकाली, बोकेश्वरी ,भैरवीथान यहि जिल्लामा पर्दछ ।माथिल्लो दरबार र तल्लो दरबार पुरातात्विक संम्पदाहरु हुन । आन्तरिक तथा बाह्य पर्यटकहरुको लागी यी ठाउँहरुलाई छान्न सकिन्छ । पर्यटन उद्योगमा मनकामना केवलकार सेवा चैरेस देखि मनकामना मन्दिर सम्म यहि जिल्लामा पर्दछ ।यस जिल्लाको थप जानकारी तल देखाइएको तालिकाद्वारा पनि स्पष्ट पार्न सकिन्छ ।

तालिका नं ४.१.१ - गोरखा जिल्लाको बारेमा संक्षिप्त जानाकारी

| | |
|---|---|
| अञ्चल | गण्डकी |
| सदरमुकाम | गोरखा |
| क्षेत्रफल वर्ग कि.मीमा | ३,६१० |
| जम्मा घरधुरी सङ्ख्या (२०११) | ६६,५०६ |
| जम्मा जिल्ला जनसङ्ख्या (२०११) | २७१,०६१ |
| पुरुष | १२१,०४१ |
| महिला | १५०,०२० |
| लिङ्ग अनुपात | ८०.६८ |
| अनुपस्थित जनसङ्ख्या | २८,१०४ |
| पुरुष | २५,३७५ |
| महिला | २,७२९ |
| काम गर्न नसक्ने जनसङ्ख्या | १२,९३७ |
| जनसङ्ख्या वृद्धि अनुपात (२००१-११) | -०.५५ |
| औषत घरधुरी आकार | ४.०७ |
| जनघनत्व प्रति वर्ग कि.मीमा | ७५.०८ |
| जम्मा गाविस/नगरपालीका | ६०/२ |
| क्षेत्र न. | ३ |
| जम्मा प्राथमिक विद्यालय | ५५२ |
| जम्मा माध्यमिक विद्यालय | १०१ |
| जम्मा उच्च माध्यमिक विद्यालय | ५६ |
| हिन्दु धर्म (%) मा | ७५.१५ |
| वुद्ध धर्म | १९.१ |
| ईस्लाम | १.१३ |
| किरात | ०.०१ |
| क्रिश्चियन | ३.२७ |
| प्रकृति | ०.६१ |
| बोन | ०.६३ |

*Source:-CBS,2012*

गोरखा जिल्लाका ६० गाविसहरु मध्ये फुजेल गाविस पनि एउटा महत्वपुर्ण गाविस हो । यो गाविस गोरखा जिल्लाको पुर्वी भागमा पर्दछ । यो गाविसको पुर्वमा धादिङ् जिल्ला पर्दछ ।उत्तरमा नामजुङ् गाविस, दक्षिणमा दर्वुङ  र पश्चिममा  ताङ्लिचोक गाविसहरु पर्दछन । फुजेल गाविसको कुल विभिन्न जातजाती घरधुरी सङख्या १,१५३ रहेको छ भने जम्मा जनसङ्ख्या ४,६९४ रहेको छ (C.B.S 2012) ।यो, जनजाती, आदीवासीहरुको वासस्थान हो । यहाँ नेवार, व्राहमण,क्षेत्री तथा वराम गुरुङ्ग,कुमाल जस्ता आदीवासीहरुको बसोवास रहेको पाईन्छ । रिमलबारी-खुदीटार अध्ययन क्षेत्र एउटा सानो डाडा मुनि अवस्थित छ । जुन फुजेल गाविसको वाड नं-१ मा पर्दछ ।

## ४.२ हावापानी

गोरखा जिल्लाको मध्य भागमा मध्यम किसिमको हावापानी पाईन्छ । उत्तरी क्षेत्रमा चिसो किसिमको हावापानी पाईन्छ । वेशी, टारहरुमा न्यानो किसिमको हावापानी पाईन्छ ।यस जिल्लाको अधिकतम तापक्रम ३६ं सेन्टीग्रेड हुन्छ (6 June 2012)भने न्युनतम तापक्रम ५ं से (January CBS2012) हुन्छ । जेष्ठ, असार तथा श्रावण महिनाहरु गर्मी महिनाहरु हुन् जुन समयमा वायुमा आद्रता हुन्छ । आश्विन तथा कार्तिक र फाल्गुण, चैत महिनाहरु मौसमका दृष्ट्रिकोणले रमाईला महिनाहरु हुन् ।

## ४.३ प्राकृतिक वनस्पती तथा पशुपन्छी

यस गाविसको वनस्पतीलाई हेर्दा कृतिम मानिसको श्रम र सिप प्रयोग गरी लगायको विरुवाहरु पर्दछन। त्यसमा आँप, सुन्तला, कटहर, हर्रो, बर्रो, काप्रो, साज आदी त्यसका अलवा प्राकृतीक वनस्पतीमा सामान्य झाडी तथा वुट्यान र जंगल रहेका छन। यहाँका जंगलमाः-

क) एक्ले पिपल सामुदायिक वन- करिव यो ५२ हेक्टरमा फैलिएको यो जगंल फुजेल गाविसको दक्षिण पुर्वमा रहेको छ । यहाँ मुख्य गरी साल, सिमल, चिलाउने कटुस आदी छन् । यहाँका जंगली जनावरहरुमाचितुवा, स्याल, फ्याउरो र वादरहरुको साथमा जंगली चराचुरुङ्गीहरु पनि प्रशस्त छन् ।

ख) दुङ्दुङ् पाताल पाखा सामुदायीक वन - करिव ३४.२९ हेक्टर जमिनमा फुजेल गा वि सको उत्तर पुर्वी भागमा रहेको छ । त्यसैसँग जोडिएर दुङ्दुङ् भैसेगौडा महिला सामुदायिक वन पनि करिब ३२ हेक्टर जमिनमा रहेका छन् ।

## ४.४ जनसङ्ख्या

गोरखा जिल्लाको कुल जनसङ्ख्या २७१,०६१ रहेको छ । जसमा पुरुषहरु १२१,०४१छन भने महिलाको संङख्या १५०,०२० रहेको छ । ६६,५०६घरधुरी रहेका छन् । यस जिल्लाको जनसंङख्या वृद्धिदर ०.५५ छ भने जनघनत्व ७५.०८ प्रति वर्ग कि. मिमा रहेको छ । छुटेको जनसङ्ख्या २८,१०४ रहेको छ । ( CBS 2012)फुजेल गाविसको जम्मा घरधुरी सङ्ख्या १,१५३ छ । फुजेलको जम्मा जनसङ्ख्या४,६९४ रहेको छ । जसमा पुरुष १,९९८ र महिला २,६९६ जना रहेका छन ।

**तालिका नं ४.३.१ जिल्ला जनसङ्ख्या**

| विषयवस्तुहरु | १९८१ को जनगणना | १९९१ को जनगणना | २००१ को जनगणना | २०११ को जनगणना |
|---|---|---|---|---|
| जम्मा जनसङ्ख्या | २३१,२६४ | २५२,५२४ | २८८,१३४ | २७१,०६१ |
| पुरुष | ११४,६१४ | १२१,३२७ | १३४,४०७ | १२१,०४१ |
| महिला | ११६,६५० | १३१,१९७ | १५३,७२७ | १५०,०२० |
| लिङ्ग अनुपात | ९८ | ९२ | ८७ | ८०.७ |
| जम्मा घरधुरी सङ्ख्या | ४०,७३४ | ४९,३११ | ५१,९२३ | ६६,५०६ |
| औषत घरधुरी आकार | ५.७ | ५.१ | ४.८९ | ४.०८ |
| जनघनत्व प्रति वर्ग कि.मीमा | ६४.१ | ७० | ८० | ७५ |
| साक्षरता प्रतिशत | १८.३ | ४३.६ | | |

*Soucre: CBS 2012*

माथीको तालिकाअनुसार गोरखा जिल्लाको जनसङ्ख्या हेर्दा प्रत्येक जनगणनाको वर्षमा जम्मा जनसङख्या ,महिला पुरुषको सङ्ख्या ,जम्मा घरधुरीको सङ्ख्या,साक्षरता दर वृद्धि भएको देखिएको छ भने लिङ्ग अनुपात र औषत घरधुरीको आकार घटेको देखिएको छ ।

**तालिका नं ४.३.२ गोरखा जिल्लामा भएका मुख्य जनजातीहरुको जनसङ्ख्या**

CBS 2012का अनुसार गोरखा जिल्लामा बसोबास गर्ने मुख्य जनजातीहरुको सुची तयार पारेको छ । जुन सुचीमा वराम, कुमाल, गुरुङ्ग र नेवार मुख्य जनजाती रहेका छन् । गोरखा जिल्लामा बसोबास गर्ने जनजातीहरुको जम्मा जनसङ्ख्यालाई तलको तालीकामा उल्लेख गरीएको छ ।

| जनजातीय समुह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| वरामु | ६,७७५ | ३,०३२ | ३,७४३ |
| कुमाल | ८,०२२ | ३,५४२ | ४,४८० |
| गुरुङ्ग | ५३,३४२ | २३,६०८ | २९,७३४ |
| नेवार | २१,०५४ | ९,३०९ | ११,७५४ |

*Source: CBS 2012*

माथीको तालिकामा उल्लेख भएअनुसार गोरखा जिल्लाको मुख्य जनजातीहरुमा वरामहरुको जम्मा जनसङ्ख्या ६,७७५ जना रहेको छ । जसमा पुरुषहरुको सङ्ख्या ३,०३२जना रहेको छ भने महिलाहरुको जनसङ्ख्या ३,७४३जना रहेको छ । त्यसैगरी कुमालहरुको जम्मा जनसङ्ख्या ८,०२२जना रहेको छ । जसमा पुरुषहरुको सङ्ख्या ३,५४२जना रहेको छ भने महिलाहरुको जनसङ्ख्या ४,४८० जना रहेको छ । त्यसैगरी जनजातीहरुमा गुरुङ्गहरुको जम्मा जनसङ्ख्या ५३,३४२जना रहेको छ । जसमा पुरुषहरुको सङ्ख्या २३,६०८ जना रहेको छ भने महिलाहरुको सङ्ख्या २९,७३४जना रहेको छ । त्यसैगरी गोरखा जिल्लाको मुख्य जनजातीहरुमा नेवार पनि पर्दछ । गोरखा जिल्लामा

नेवारहरुको कुल जनसङ्ख्या २१,०५४ जना रहेका छन् । जसमा पुरुषहरुको जनसङ्ख्या ९,३०९ जना रहेका छन् भने महिलाहरुको जनसङ्ख्या ११,७५४ जना रहेका छन् । माथीको तालिकामा देखाएअनुसार सबै जनजातीहरुमा महिलाको जनसङ्ख्या अधिक रहेको पाईन्छ ।

### तलिका नं ४.३.३ फुजेल गाविसमा भएका जम्मा घरधुरी र लिङ्गको आधारमा जम्मा जनसङ्ख्या

फुजेल गा वि समा जम्मा ९ वटा वडाहरु रहेका छन् जसमा रहेका घरधुरी र जम्मा जनसङ्ख्यालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

| वडा नं | घरधुरी | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | ३१३ | १,३१४ | ५६७ | ७४७ |
| २ | १०७ | ४४५ | १८६ | २५९ |
| ३ | ६० | २३० | १०५ | १२५ |
| ४ | ७८ | ३०० | १३२ | १६८ |
| ५ | २११ | ८२१ | ३६० | ४६१ |
| ६ | ४२ | १६९ | ७४ | ९५ |
| ७ | १२८ | ५०८ | २१६ | २९२ |
| ८ | ९२ | ४०१ | १४४ | २५७ |
| ९ | १२२ | ५०६ | २१४ | २९२ |
| जम्मा | १,१५३ | ४,६९४ | १,९९८ | २,६९६ |

*Source: Field Survey 2015*

माथीको तालीकाअनुसार घरधुरी सङ्ख्या ,पुरुषको सङ्ख्या, स्त्रीको संङख्या, र कुल जनसङ्ख्या वडा न १ मा सबैभन्दा बढि देखाईएको छ । वडा न ६ मा जम्मा ४२ घरधुरी रहेका छन् । वडा न ६ को कुल जनसङ्ख्या १६९ जना छन । तुलनात्मक रुपमा अन्य वडामा भन्दा वडा नं १ मा जनसंङ्ख्या धेरै रहेका छन् । वडा न ५ मा जम्मा घरधुरी

सङ्ख्या २११ छ भने कुल जनसङ्ख्या ८२१ रहेको छ । यो गाविसको कुल जनसङ्ख्या ४,६९४ रहेको छ। भने घरधुरी सङ्ख्या १,१५३ रहेको छ।

**तालिका न ४.३.४फुजेल १ रिमलबारी खुदीटारका वरामहरुको लिङ्गअनुसारको जम्मा जनसङ्ख्या**

फुजेल गा वि स वडा नं १ रिमालबारी खुदीटार बसोबास गर्ने वरामहरुको लिङ्गअनुसारको जनसङ्ख्यालाई अध्ययन गर्दा औषतमा पुरुषहरुको तुलनामा महिलाहरुको सङ्ख्या बढि देखिन्छ । महिलाको सङ्ख्या बढि हुनुमा मुख्य कारण छोराको पर्खाईमा छोरी छोरी धेरै भएको अध्ययन क्षेत्रका वराम महिलाहरु बताउछन् ।वराम समुदायमा अध्ययन गर्दा २४ घरमध्यमा जम्मा १० घरमा मात्र ५ वर्षमुनिका बच्चाहरु रहेका छन् जसलाई तलको तालिका द्धारा स्पष्ट्र पार्न सकिन्छ ।

| परिवार नं | महिला | % | पुरुष | % | बालबच्चा | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३ | ४२.८५ | ४ | ५७.१४ | | ७ |
| २ | ३ | ५० | ३ | ५० | | ६ |
| ३ | ५ | ७१.४२ | २ | २८.५७ | | ७ |
| ४ | ३ | ७५ | १ | २५ | १ | ४ |
| ५ | ३ | ७५ | १ | २५ | १ | ४ |
| ६ | २ | ४० | ३ | ६० | | ५ |
| ७ | ३ | ६० | २ | ४० | | ५ |
| ८ | २ | ५० | २ | ५० | | ४ |
| ९ | ४ | ५७.१४ | ३ | ४२.८५ | २ | ७ |
| १० | ६ | ७५ | २ | २५ | १ | ८ |
| ११ | २ | ४० | ३ | ६० | | ५ |
| १२ | ३ | ५० | ३ | ५० | १ | ६ |
| १३ | ४ | ५० | ४ | ५० | २ | ८ |
| १४ | २ | २५ | ४ | ७५ | १ | ६ |
| १५ | ५ | ५५.५५ | ४ | ४४.४४ | | ९ |
| १६ | ४ | ७५ | २ | २५ | २ | ६ |
| १७ | ८ | ५३.३३ | ७ | ४६.६६ | | १५ |
| १८ | ४ | ५७.१४ | ३ | ४२.८५ | | ७ |
| १९ | २ | ४० | ३ | ६० | | ५ |
| २० | ३ | ५० | ३ | ५० | | ६ |
| २१ | ३ | ५० | ३ | ५० | | ६ |
| २२ | ३ | ५० | ३ | ६० | ३ | १५ |
| २३ | ६ | ४० | ९ | ५० | | ६ |
| २४ | ३ | ५० | ३ | ५० | | ५ |
| जम्मा | ८६ | ५१ | ७६ | ४९ | १३ | १६२ |

*Field Survey 2015*

माथीको तालीका अनुसार फुजेल गाविस वडा नं १ रिमलबारी खुदीटारमा वरामहरुको जनसङ्ख्या जम्मा १६२ जना  रहेका छन् । जसमा ८६ जना महिला र ७६ जना पुरुषहरुको जम्मा जनसङ्ख्या रहेको छ । धैरै जसो परिवार एकल छन् जुन माथीको तालीकामा देखाइएको छ । २ घर सयुक्त परिवार छन् । उनीहरुको चाही चलिआएको चलन

जे छ त्यो तोड्नुहुदैन भन्ने भनाई छ । सकेसम्म छुट्टिएर नबस्ने उनीहरुको भनाई छ धेरै परिवार एकै ठाउँमा बस्दा रमाइलोका साथै काम गर्न सजिलो हुने बताउछन् । उता सानो परिवार हुनेहरु भने ठुलो परिवार भयो भने सबैलाई मिलाउन गाहो हुने र काम गर्न अप्ठ्यारो हुने बताउछन् ।

# अध्याय : पाँच

# वराम जातीको परिचय र उत्पत्तीको ईतिहास

## ५.१ वराम जातीको सामान्य परिचय

हालसम्म प्राप्त लेख रचना, सोधपुछ एवं अर्न्तवार्ताका आधारमा वरामहरु गण्डकी अञ्चल , गोरखा जिल्लाको उत्तरी क्षेत्रका वासिन्दाहरु हुन् (CBS 2001)का अनुसार २९ जिल्लामा छरिएर रहेता पनि देशको नै कुल ९०% वरामहरु गोरखा जिल्लामा नै बसोबास गरेको भेटिन्छ । वरामहरुको आफ्नै छुट्टै भाषा, रितिरिवाज, संस्कृती तथा भेषभुषा छन् । शारिरीक वनावटका हिसाबले वरामहरु मंगोल समुहमा पर्दछन् । आजको विश्वमा जातीय शुद्धता पाउन कठिन छ तैपनि वराम जातीहरु सिमान्तकृत वर्गमा पर्दछन् । यि जातीहरुलाई कुल, पितृ बुझाउन जाड रक्सी चाहिन्छ । वरामहरु धर्मका हिसावले हिन्दु र बौद्ध दुवै धर्म मान्दछन् । शारिरीक हिसाबले वरामहरु सानो आखाँ, थेप्चो नाक, जुघाँ दारी कम आउने, सरदर ५ फिट उचाइ भएका सरल परिश्रमी, सहयोगी र मिलनसार प्रवृत्तिको हुन्छन् । गोरखा जिल्लाको विभिन्न ठाउँमा बसोवास गर्ने वराम जातीलाई हेर्दा उनीहरुको आफ्नै भाषा भएतापनि वर्तमानमा नेपाली भाषा नै बोलेको पाइयको छ । उनीहरु वराम भित्रै विभिन्न थर, गोत्र फरक फरक पारेर विवाह गर्दछन् वर्तमानमा भने विगतको अवस्थामा केहि संर्घष गर्दे अर्न्तजातीय विवाह गरेको पनि पाइन्छ । विगत दश वर्ष यता १३ जनाले अर्न्तजातीय विवाह गरेको पाईएको छ । र साझा सास्कृतिक अभ्यास गरेको पाईयको छ ।

## ५.२ वराम जातीको उत्पत्ती एवं विकास

विविध भाषा,धर्म, रहनसहन र विविध संस्कार बोकेका विविध जातीहरुले बसोबास गरेको देश नेपाल चार जात ३६ वर्णको साझा फुलबारी हो । यहाँ नेवार, तामाङ्ग, शेर्पा, खस, मगर, थकाली, गुरुङ्ग, धामी, राई, लिम्बु, सुनुवार, जिरेल,मोचे, कोचे, राजवंशी, थारु, धिमाल, हायु, चेपाङ्ग,आदी जातीहरुले बसोवास गर्दछन् र खस जाती भित्र बाहुन,क्षेत्री, राणा,ठकुरी, दमाई, कामी, सार्की, गाईने आदी पर्दछन् ।

प्राणीशास्त्रीय आधारमा मानिस एउटा जाती हो । मनुष्य जाती अनेकन जाती प्रजाती र हजारौ जनजातीमा विभक्त भएका छन् । यो एकाएक नभएर मानव विकासक्रमको हजारौ हजार वर्षको अन्तरालमा मानव स्कन्ध (गोरा, काला, पहेला)बाट अनेकौ प्रजाती, उपजाती तथा जन जातीमा विकास भएको छ । प्रत्येक जाती र जनजातीको उत्पत्ती कसरी भएको छ भन्ने सर्न्दभमा त्यसको पछाडी आफ्नै किसिमको किंवदन्ती, वंशावली, शिलापत्र, ताम्रपत्र, र अन्य ठोस ऐतिहासीक आधार हुन्छ जहाँसम्म वराम जातीको उत्पत्ती कसरी भयो भन्ने विषयमा कुनै ठोस ऐतिहासिक प्रमाण प्राप्त गर्न सकिएन । केहि किम्बदन्तीहरु र पछिल्ला समयका लेखहरु तथा जेष्ठ नागरिकहरु, वुद्धिजीवी वरामहरुको भनाईअनुसार वराम जातीको उत्पत्तीको ईतिहास खोतल्ने प्रयास गरियको छ ।

उनीहरुको किम्बदन्तीअनुसार वराम जातीहरु किरातीहरु मध्येको एक भाई हुन । किरातीहरुको उत्पत्तीको बारेमा यस्तो किम्बदन्ती पाईन्छ ।

कुनै समयमा सुर्यमण्डप राजाको सातवटी रानीहरु रहेछन् तीमध्ये पाँचौ रानी चाही भगवानको भक्ति, पुजा, उपासना गर्ने गर्दथिन । राती नै नुहाउदथिन र सुर्यको दर्शन नै गर्दैनथिन । एक दिन नदिमा नुहाउन जादा त्यस दिन सुर्य छिटैनै उदाएछन् र सुर्यको ज्योति पारेर गर्भ रहन गएछ । राजाले सोध्दा केहि बताउन नसकेपछि ती रानीलाई राजाले अन्यत्रै लगेर राखेछन । ज्योतिषलाई हेराउँदा सुर्यनारायणको ज्योति परेर गर्भ रहन गएको हो भनेर भनेपछि राजा खुशी भए अनि रानीलाई ल्यायर घरमा राखे । ती रानीबाट एउटा छोरो जन्म्यो त्यसको नाम सुरेन्द्रविर राखियो । पछि उनले विवाह गरे र उनबाट पाँच भाई छोरा र पन्ध्र ओटि छोरीहरु जन्मे । ति मध्ये चारभाईका सन्तानहरु कालान्तरमा सुनुवार, राई, लिम्बु र हायु भए भने साहिलो भाईको सन्तान जति चाहि वराम भए ।

यसरी किराँती जाती आफुलाई सुर्यको ज्योति परेर जन्मेको हुनाले सुर्यवशी किराँती भएको दाबी गर्दछन । यि किरातीहरु लकाँपंलका (यसको ठिक अवस्थिति थाहा नभएको) बाट पराजित भएर सिम्रौनगढमा आई बसेका थिए । त्यहाँबाट पनि युद्धमा पराजित भएर उत्तरतिर लाग्ने क्रममा एक भाइका सन्तानहरु लिखु खोलाको आसपासमा लाग्न थाले र तिनिहरु पछि सुनुवार भए । अर्का भाइका सन्तानहरु माझ किँरात (कोशी सगरमाथा) तिर बस्न लागे तिनीहरु कालान्तरमा राई वने । अर्का दुई भाईहरु मध्ये एकका सन्तानहरु पल्लो किराँत ( मेचिअञ्चल ) तिर र अर्काका सन्तानहरु रामेछाप र सिन्धुली

जिल्लाको सिमाना सुनकोशी नदिको आसपासमा बस्न थाले । कालान्तरमा उनीहरु क्रमशः लिम्बु र हायु कहलिन पुगे । यसै गरि साहिलो भाइका सन्तानहरु कालिगण्डकी नदिको तिरमा बस्न थाले । तिनीहरु बराम हुन पुगे र ति वराम जातीहरु गोरखा जिल्ला र त्यसका आसपासका क्षेत्र अनि मान्बु, थुमि, पन्द्रुङदेउराली, मसेल,नलाङ र फुजेल गाविसमा पनि वितरित हुन पुगे । त्यसैले वरामहरु पनि सुर्यवंशी किराती जातीको सन्तान भएको कुरामा दाबी गर्दछन् ।

विभिन्न व्यक्तिहरुले वरामहरुको बारेमा के के लेखे र भने भन्ने सम्बन्धमा तलका कुराहरु बाट पनि वरामहरुको उत्पत्ती र विकासबारे महत्वपुर्ण ज्ञान हासिल गर्न सकिन्छ ।

शम्शेर बहादुर बराम ( ८५ वर्ष )का अनुसार उनीहरुको भाषा राई लिम्बुसँग मिल्दो जुल्दो थियो तर हाल आएर समाजमा जे बोलेका छन वरामहरुको पनि त्यस्तै लवजहरु निस्कीन थालेका छन् । अर्का ९३ वर्षीया च्याङ्ली वराम भन्दछन् उनका बाबा आमाहरु पहिले वराम भाषा नै बोल्ने गर्दथे तर आफुलाई नआउने कुरा बताउदछन । २०६६ साल वैशाख १८ गते गोरखा बाट प्रकाशित दरौदी पत्रिकामा विदेशी सस्कृती अनि रहनसहनका कारणले वरामहरुको भाषा, अनि मौलिकता भुलीएको कुरा उल्लेख भएको छ र उनीहरु कालीगण्डकीको किनारबाट गोरखा जिल्ला र आसपासका क्षेत्रहरुमा केन्द्रिकृत भएको कुरा उल्लेख छ ।

Hodson(1909)का अनुसार वरामहारुको उत्पत्ती भएको थलोलाइGharga भनिन्छ । जुन कालीगण्डकी नदिको पुर्वी क्षेत्रमा पर्दछ । Grierson (1903)का अनुसार वरामहरु नेपालको तराई बाट आएका हुन् । गण्डकी अञ्चल, गोरखा जिल्लाको उत्तरी क्षेत्रबाट यीनिहरु आएका हुन दरौदी नदिको किनारामा उनीहरुको बसोबास भेटिन्छ ।

## ५.३ बराम जातीको बसोबास

सिमान्तकृत वर्गमा पर्ने वरामजातीहरुको मुलथलो गोरखा जिल्लाको पन्द्रुङ देउराली नै हो देशको नै ९०% वरामहरु गोरखा जिल्लामा नै बस्दछन् । पछि यिनीहरु गोरखा जिल्लाको अन्य गाविस हरु फुजेल , आरुघाट, दरबुङ,घ्याम्पेसाल आदी ठाउँहरुमा बसोबास गर्न पुगेको भेटिन्छ । यिनीहरु बसाइ सर्ने क्रममा चितवन तिर फाटफुट मात्रामा देखिएका छन् । देशै छोडी मुग्लान तिर र प्राय नर्फकने क्रममा भने कोहीपनि देखिएका छैनन।

## ५.४ वराम जातीको थरहरु

लामीछाने

जिम्बल

लेकाली

कुमाई

गोरखा जिल्ला, फुजेल गा वि स वडा नं १ रिमालबारी खुदीटारमा बसोबास गर्ने वराम जातीहरुको थरहरुमा लामीछाने, जिम्बल, लेकाली, कुमाई आदी रहेका छन् अध्ययन क्षेत्रका वराम जातीहरुका थरहरु जे भएता पनि कुनै ठुलो कुनै सानो भन्ने उचनिचको भावना यिनीहरुमा छैन् । अध्ययन क्षेत्र नजिक व्राहमण समुदाय पर्ने भएकाले हरेक संस्कारहरु उनीहरुसँगै मिल्ने हुनाले आफ्नो घरमा धर्मकर्म, पुजाआजा गर्नु परेमा व्राहमण पण्डित द्वारा नै काम सिद्ध गर्ने गर्दछन् । अध्ययन क्षेत्रका वरामहरुका यि थरहरुमा सबै थरसँग विहेबारी चल्ने बताउँछन् । आजभन्दा १० वर्ष पहिले भने जिम्बल थरलाई ठुलो मान्ने र थरकाहरुले सम्मान गर्ने चलन थियो । तर आज त्यो चलन हरायको जिम्बल कृण्ण वराम बताउनुहुन्छ ।

# अध्याय : छ

# वराम जातीको सामाजिक अवस्थामा आएको परिवर्तन

वास्तवमा समाज व्यक्तिहरुको एउटा समुह हो । समाजमा धेरै किसिमका दृष्ट्रिकोणहरु, पेशाहरु,मुल्य मान्यताहरु, भएका मानिसहरुको बसोबास रहेको पाईन्छ । स्व. राजा पृथ्वीनारायण शाहले भनेका थिए “नेपाल सबै जातको साझा फुलबारी हो”। यही भनाईबाट रिमालबारी खुदीटार गाउँ पनि अछुतो छैन । आजभन्दा एक दशक अगाडीको अवस्था र अहिलेको अवस्थालाई हेर्दा लिङ्गीय विभेद केहि मात्रामा हटेको देखिन्छ । वालविवाह, दाईजोप्रथा जस्ता सामाजिक कुरितीहरुमा क्रमिक परिवर्तन हुदै गएका गाउँहरु मध्ये रिमालबारी खुदीटार पनि एक हो ।

## ६.१ वरामहरुको वासस्थानमा आएको परिवर्तन

रिमालबारी खुदीटार एउटा सानो डाडाको काखमा अवस्थित छ । आजभन्दा दुईदशक अगाडी तिन घर बाट सुरु भएको यो गाउँमा वरामहरुको वस्ती दिन प्रतिदिन वढ्दै गई हाल आएर २४ घरधुरी हुन पुगेको छ । सवै भन्दा बढि वरामहरुको वस्ती भएको जिल्ला गोरखा, त्यसमा पनि फुजेल गाविसको वडा न. १ रिमालबारी खुदीटारमा अरु वडामा भन्दा बढि वरामहरुको बसोबास रहेको पाईन्छ ।

## ६.२ वरामहरुको जिवनस्तरमा आएको परिवर्तन

सामाजीक गतिविधीको स्तर दिनप्रतिदिन बढ्दै गइरहेको वराम समुदायको भौतिक साधन र जीवन स्तर पनि विभिन्न समुदायसँगको साँस्कृतिक आदान प्रदानबाट प्रभावित भईरहेको पाईन्छ । एक ठाउँबाट अर्को ठाउँमा बसाई-सराई, बाहिरी सम्पर्क, विभिन्न जातीहरुको प्रभावबाट यस फुजेल गाविस वडा न १ मा बसोबास गर्ने वरामहरुको जीवनस्तरमा क्रमिक परिवर्तन भईरहेको छ ।

आजको २१ औ शताब्दीको युग प्रविधि र सञ्चारको युग तथा परिवर्तनको युग हो । हरेक क्षेत्रमा नयाँ सोच र शैलीको विकास हुदै गईरहेको पाईन्छ । खाने, पिउने, कपडा लगाउने, चाडपर्व मान्ने पुजाआजा, जात्रा जस्ता कुराहरुमा पनि क्रमिक रुपमा परिमार्जन

हुदै गएको पाईन्छ । आफ्नो घरहरुको सफा-सुग्घर राख्ने, रातो माटो तथा विभिन्न रङ्गहरुको प्रयोग गरी घरलाई विशेषगरी वडादशै तथा तिहारमा सजाएर चिटिक्क पार्ने काममा यी जातीहरु खप्पिस मानिन्छन् । नयाँ नयाँ विकास निर्माण कार्यमा सक्रियता देखाउने, सामाजिक जमघट तथा छलफलमा उपस्थित हुने, अन्य जातीको मानिसहरुसँग सम्पर्क बढाउने कार्यमा पनि परिवर्तन आएको पाईन्छ । तैपनि वरामहरु रोजगारीका लागी शहर तथा बिदेश तिर जाने गरेको पाईन्छ भने कोही सेनामा र शहर बजार तथा बाहिरी मानिसहरुको सम्पर्क, देखासिकीबाट वराम जातीहरुको जिवनस्तरमा परिवर्तनको अनुभुति गर्न सकिन्छ । भेषभुषा र गरगहना, भाषा साहित्य, रहनसहन, संस्कार। खनपान, चालचलन, पेशा, शिक्षा, धामी, डाक्टर, सरसफाई, राजनिती, आधुनीक खेति, सरकारी कामकाज, आदी प्रतिको सोचाईमा परिवर्तन आएको पाईन्छ ।

वरामहरुको जुनसुकै कार्य गर्दा पनि जाँड रक्सीको प्रयोग गर्ने गरेको पाईन्छ । धार्मिक कार्यमा पनि आफ्नो कुलदेवतालाई छ्याङ् चढाउने चलन पाईन्छ । तर आजभोलि चियाद्धारा अतिथी सत्कार गर्ने प्रचलनमा अत्याधिक वृद्धि भएको पाईन्छ । अन्य जातीसँगको आपसी सम्बन्ध शहर बजार तिरको देखासिकीले वरामहरुको जिवनस्तर देखि लिएर सबै पक्षमा समयको गति सँगै परिवर्तन हुदै आएको पाईन्छ ।

## ६.३ भेषभुषामा आएको परिवर्तन

परम्परागत पहिरन महिलाहरुको लुङ्गी, चोली, त्यसमाथी पहेलो पटुका, चोली माथी घलेक, अनि घाटीमा कण्ठेमाला, काडेदार नौगेडी, शिरमा शिरवन्दी, कपालमा कालो धागो लगाउने गर्दथे । त्यसैगरी पुरुषहरुले छड्के सेतो पटुका,दौरा सुरुवाल, त्यसमाथी कालो ईस्टकोट टाउँकोमा कालो टोपी लगाउने गर्दथे । आजभोली अध्ययन क्षेत्रका वरामहरु परम्परागत पहिरनलाई चटक्कै बिर्सेर वरपरका छरछिमेकको नक्कल गरी आधुनिक भेषभुषामा सजिन रुचाउँछन् । लोग्ने मानिसहरु सेतो पटुका छोडेर सर्ट, पाईन्ट, दौरा सुरुवाल, ढाका टोपी तिर आकर्षित छन् भने महिलाहरु लुँगी, टिसर्ट, कुर्ता सुरुवाल, जिन्स पाईन्ट, लेगेन्स आदी रुचाउँछन् । सडकको नजिक पर्ने गा वि स र टि. भी हेर्ने भएका कारण वराम जातीहरुको परम्परागत पहिरनको सट्टा आधुनिक पहिरन तर्फ आर्कषण बढेको पाईन्छ । यसका साथै परम्परागत गहनाको सट्टा वराम महिलाहरुको कानमा टप, झुम्का, र सिक्री लगाउन थालेको पाईन्छ । युवतिहरुमा आधुनिक सिँगारका साधनहरुको उपयोगमा

वृद्धि भएको पाईन्छ । जसले गर्दा वरामहरु आफ्नो भेषभुषा लोप हुने खतरा प्रति चिन्तित देखिन्छन् ।

अध्ययन क्षेत्रका वरामहरुमा युवावर्गहरु चाही जमाना अनुसार चल्नुपर्छ परिवर्तन हुनुपर्छ भन्ने भनाई छ भने बुढापाकाहरु भने आजकालका छोराछोरीहरुले भनेको नमान्ने भएकोले यो एक खालको समस्या नै भएको बताउछन् । अध्ययन क्षेत्रका वरामजातीहरुको पहिलेको भेषभुषा भने बुडीहरुको कानमा भने पहिलेकै गर गहना लगायको देखिएको छ उनीहरु आफ्नो प्राण रहेसम्म कुनै पनि गरगहना लाउनन नछोड्ने बताउछन् ।आफ्नो परम्परागत भेषभुषा जोगाउन नसक्दा अब पछि आउने पुस्ताले भाषा जसरी नै भेषभुषा पनि नचिन्ने हुन्छन् यसको दोषी युवा वर्गनै हुन् भन्ने उनीहरुको भनाई छ ।

## ६.४ परिवारको आकारमा परिवर्तन

परिवार मानव समुदायको एउटा सर्वव्यापी संस्था हो । मानिसका भौतिक र सम्वेगात्मक आवश्यकताहरु परिवारबाटनै पुरा हुने गर्दछ । परिवार सामाजिक संस्थाको प्राथमिक अवस्था हो जहाँ प्रत्येक बालकले सामाजिकरणको प्रक्रियाको बारेमा जानकारी प्राप्त गर्ने सु-अवसर प्राप्त गर्दछ । एउटा बच्चा समाजमा स्थापित हुनु अगावै परिवारबाटै धेरै कुरा सिकाउछ । विवाह र रगत नाताले गाँसिएको व्यक्तिहरुको समुह परिवार हो । परिवारका सदस्यहरु एक आपसमा अर्न्तक्रिया र सुचना आदानप्रदान गर्दछन् । जसबाट एउटा साझा संस्कृतिको विकास हुन्छ । परिवारलाई दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । जुन यसप्रकार छन् ।

क) एकात्मक परिवार

ख) संयुक्त परिवार

श्रीमान, श्रीमती र उनीहरुका अविवाहित छोराछोरीहरु रहने र एउटा भान्सामा खाना खाने परिवार एकल परिवार हो भने श्रीमान, श्रीमती, तिनीहरुका बच्चाबच्ची, हजुरबा हजुरआमा, नातीनातिनीहरु, भएको सँगै बस्ने तथा एउटै भान्सामा खाना खाने सदस्यहरुको समुहलाई संयुक्त परिवार भनिन्छ ।

रिमालबारी खुदीटारमा बसोबास गर्ने वराम जातीहरुको विगतको अवस्थालाई हेर्दा संयुक्त परिवारमा बस्ने गरेको र हाल आएर त्यस्ता संयुक्त परिवारमा वस्नेहरु एकल परिवारमा रहेर रमाउन लागेको र रमाइरहेको अध्ययनबाट थाहा भएको छ । जुन छोराको पर्खाइमा जति छोरीहरु भएपनि पाईरहने उनीहरु आज नयाँ सोच र विकासले जे भएतापनि दुई सन्तान ईश्वरको वरदान भन्ने उखानलाई पछ्यायको देखिन्छ । हालको अनुसन्धान र क्षेत्रभ्रमणलाई मध्यनजर गर्दा वराम समुदाय संयुक्त परिवार भन्दा एकल वा एकात्मक परिवार प्रति लालयीत भएको देखिन्छ ।

## तालिका न. ६.४.१

## अध्ययन क्षेत्रका वराम समुदायको परिवारको किसिम

| परिवारको प्रकार | घर संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | २२ | ९१.६६ |
| संयुक्त परिवार | २ | ८.३३ |
| जम्मा | २४ | १०० |

*Source: Field Survey 2015*

माथीको तालिका अनुसार फुजेल गा वि स को रिमालबारी खुदीटार गाउँमा २ घरपरिवार संयुक्त परिवार र २२ घरपरिवार एकल परिवार रहेका छन् । विवाह भई घरजम भएपछि पुरानो घरनजिकै अर्को घर बनाई बस्ने चलन ले पनि एकल परिवारको संख्यामा वृद्धि भएको पाईन्छ ।छोरा बुहारीहरु छुट्टिएर बस्दछन् आज भन्दा २ दशक अगाडिको अवस्था यस्तो थिएन । नकी एउटै घरमा ४९जना सम्म पनि भएको स्थानिय बताउँछन । एउटा परिवारको प्रशस्त जग्गा जमिन नभएर पनि गुजारा चलाई बसेका छन् । नवविवाहित दम्पतीले पैतृक सम्पतीलाई कम महत्व दिन्छन् । यो वराम समुदायको प्रकृती पितृसतात्मक छ । पुस्तौदेखि चलिआएको यो चलनले भने पार नपाएको बुझिएको छ । परिवारमा शासन पुरुषहरुले नै गर्दछन् । पुरुषको नै नेतृत्वमा घर चल्दछ । जन्म देखि मृन्यु संस्कारहरुमा छोराको नै बढि महत्व बढि छ देखिन्छ र छोरा नभई नहुने भन्ने सताब्दीऔ पहिलाको यो चलन विस्तारै छोरी पनि छोरा सरह हुने र हुन्छन् भन्ने कुरामा जोड दिईएको पाईयको छ ।

## ६.५ परिवारको आकार

समुदायमा भएको विकासको गतिविधि, समाज र संस्कृतिहरु नै परिवारको आकारका सुचकहरु हुन् ।कृषि पेशामा नै आश्रित भएका मानिसहरु संयुक्त परिवार मन पराउँछन् । फुजेल गाविसमा भएको रिमालबारी खुदीटार गाँउमा रहेका वराम समुदायका परिवारको आकारलाई तलको तालिका द्धारा देखाइएको छ।

**तालिका नं ६.५.१ अध्ययन क्षेत्रका वरामहरुको परिवारको आकार**

| परिवारको संख्या | घर धुरि संख्या | प्रतिशत |
|---|---|---|
| ४ | ३ | १२.५ |
| ५-७ | १६ | ६६.६६ |
| ८-९ | ३ | १२.५ |
| १०-१५ | २ | ८.३३ |
| जम्मा | २४ | १०० |

*Source-Field survey 2015*

माथीको तालिकामा चार किसिमका घरधुरीहरु देख्न सकिन्छ । वराम समुदायका परिवारलाई दुई किसिमले वर्गीकरण गर्न सकिन्छ । एउटा एकल परिवार हो भने अर्को संयुक्त (५-७) परिवार सदस्य संख्या घरधुरी प्रतिशत ६६.६६ छ भने ४ जना मात्र परिवार सदस्य भएको घरधुरी प्रतिशत पनि १२.५ नै छ । त्यसैगरी (१०-१५) जना सदस्य भएको घरधुरी ८.३३ प्रतिशत रहेको छ ।

**तालिका नं ६.५.२लिङ्ग र वर्षको आधारमा अध्ययन क्षेत्रका वराम जातीहरुको संख्या**

| क्र.स | उमेरसमुह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ६-१५ | २३ | २२ | ४५ | २७.७७ |
| २ | १६-४५ | १५ | २० | ३५ | २१.६० |
| ३ | ४९-५९ | २५ | १८ | ४३ | २६.५४ |
| ४ | ६० माथी | १३ | २६ | ३९ | २४.०७ |
| | जम्मा | ७६ | ८६ | १६२ | १०० |

*Source: Field survey 2015*

माथीको तालिकाले अध्ययन क्षेत्रको महिला र पुरुषको संख्या र प्रतिशतलाई देखाउँछ । तालिकामा वर्षको आधारमा मानिसहरुको समुह फरक फरक देखिन्छन् । अध्ययन क्षेत्रमा महिलाको संख्या र प्रतिशत पुरुषको तुलनामा धेरै देखिन्छ । यदि महिलाहरुले पुरुष सरह समाजका हरेक गतिविधिमा अधिकार प्राप्त गर्न सक्दैनन् भने विकासको प्रक्रिया लडगडो हुन्छ । ६० वर्ष नाघेका महिलाको संख्या पुरुषको भन्दा बढि छ किनभने महिलाहरुनै घरायसी कार्यमा व्यस्त हुन्छन् । पुरुषको तुलनामा महिलाहरु हलुका कार्य गर्दछन् । पुरुषहरुले उनीहरुको समय कडा श्रम गर्नमा खर्च गर्दछन् जस्तै खन्ने, जोत्ने, काठ दाउरा काट्ने आदी ।

फुजेल गाविस वडा न. एक रिमालबारी खुदीटार अध्ययन क्षेत्रका वरामहरुको अन्य संस्कारमा आएको परिवर्तन जस्तै विवाह संस्कारमा पनि परिवर्तन आएको देखिन्छ । विगतमा वराम जातीमा सानै उमेरमा बाबु आमाद्धारा छोरा छोरीको विवाह गरिदिने प्रचलन थियो । तर आजकल प्रायः युवा युवतीहरुले आफ्नो जोडी आफै रोज्ने र आधुनिक तरिकाको विवाह गर्ने गरेको पाईन्छ । आजभोली मागी विवाहको साथसाथै प्रेम विवाहको बढि प्रचलन रहेको पाईन्छ । चोरी विवाह र अन्य विवाहको दर कम हुदै गएको पाईन्छ । परम्परागत रुपमा उनीहरुको विवाह गर्दा आफ्नै ज्वाई बाट पुरोहितको काम हुन्थ्यो भने अहिले आएर बाहुन पुरोहित द्धारा पनि यि जातीहरुको विवाह सस्कार सम्पन्न गरिन्छ । वराम समुदायमा हाल आएर प्रेम विवाहको बढि लोकप्रिय भएको पाईन्छ भने बालविवाह प्रथा भने पुर्ण रुपमा हटिसकेको पाईन्छ । यो जातीमा आफ्नो थर भन्दा बाहेक जुनसुकै थर तथा जातीसँग प्रेम विवाह गरेपनि कुनै विभेद र घृणा नगरेको पाईन्छ । तर आफ्नै थर र नाता भित्र प्रेम विवाह हुन पुगेमा यस समुदायले उक्त जोडीलाई सम्मान गर्दछ । यस वराम समुदायमा विवाह छोटो र कम खर्चिलो गराउनुपर्दछ भने मान्यता पनि क्रमशः विकसित हुदै आएको पाईन्छ । यसरी विवाह संस्कारमा परिवर्तन हुनुलाई वराम जातीको अन्य जाती सँगको प्रेम विवाह साथै आधुनिक सञ्चार र अन्य जातीसँगको देखासिकी एवं सचेत र वैज्ञानिक चेतनाको प्रतिफलको रुपमा लिन सकिन्छ ।

## ६.६ जन्म संस्कारमा आएको परिवर्तन

सामाजिक संस्कार अर्न्तगत फुजेल गाविस मा रहेका वरामहरुको समुदायमा जन्म संस्कारमा पनि परिवर्तन आएको देखिन्छ । पहिला यहाँका वराम समुदायका बच्चाहरु घरमा

नै बच्चा जन्माउने र नालकाट्दा पनि घरायसी हतियार नै प्रयोग गर्ने गर्दथे । माईतीमा सुत्केरी हुन दिनुहुदैन भन्ने धारणा थियो । तर आज गर्भवति महिलालाई उचित आराम, आवश्यक पौष्ट्रिक तत्व भएको खानेकुरा खुवाउने, गर्भवति महिलालाई बेला बेलामा स्वास्थ्य चौकीमा जचाउन लैजाने र बच्चा जन्माउदा केहि परिवारलाई छाडेर अधिकांशले मातृशिशु कार्यकर्ता वा स्वास्थ्यकर्मीको सहयोग लिने गरेको पाईन्छ । धामी झाक्रीको सट्टा खोप लगाउने, अस्पताल जाने र डाक्टरी उपचार गर्ने परम्पराको पनि क्रमिक विकास भएको छ । बच्चा जन्मिए पछि बच्चालाई सुई खोप लिन स्वास्थ्य केन्द्रमा लैजाने कुरामा यस अध्ययन क्षेत्रका वरामहरुमा पहिलाको तुलनामा आमुल परिवर्तन आएको पाईन्छ । विगतमा चेतनाको कमिका कारण यो जातीमा सन्तााान धेरै जन्माउने जसले गर्दा आमा र बच्चाको स्वास्थ्य खराब हुने र मृत्युदर पनि बढि थियो तर आजकल विभिन्न किसिमका परिवार नियोजनका साधनहरुको प्रयोग गरी सन्तानको संख्यामा कमी ल्याई मातृशिशुको स्वास्थ्य सुधारमा जोड दिई दुई सन्तान ईश्वरको वरदान भन्ने भनाई प्रति यहाँका वरामहरु सहमत रहेको पाईन्छ । हिजो छोरी पढाउन हुदैन भन्ने हजुरबाबा आज नातिनीलाई हातमा डोऱ्याउदै स्कुल पुऱ्याएका छन् । यसबाट के थाहा हुन्छ भने अध्ययन क्षेत्रका वरामहरुमा आजभोलि छोरा छोरीप्रतिको विभेद छैन भनेर । छोरा र छोरी जे जन्मिए पनि उनीहरुखुशी हुन्छन् ।

## ६.७विवाह संस्कारमा आएको परिवर्तन

फुजेल गाविस वडा न. एक रिमालबारी खुदीटार अध्ययन क्षेत्रका वरामहरुको अन्य संस्कारमा आएको परिवर्तन जस्तै विवाह संस्कारमा पनि परिवर्तन आएको देखिन्छ । विगतमा तर आजकल प्रायः युवा युवतीहरुले आफ्नो जोडी आफै रोज्ने र आधुनिक तरिकाको विवाह गर्ने गरेको पाईन्छ । आजभोली मागी विवाहको साथसाथै प्रेम विवाहको बढि प्रचलन रहेको पाईन्छ । चोरी विवाह र अन्य विवाहको दर कम हुदै गएको पाईन्छ । परम्परागत रुपमा उनीहरुको विवाह गर्दा आफ्नै ज्वाई बाट पुरोहितको काम हुन्थ्यो भने अहिले आएर बाहुन पुरोहित द्धारा पनि यि जातीहरुको विवाह सस्कार सम्पन्न गरिन्छ । वराम समुदायमा हाल आएर प्रेम विवाहको बढि लोकप्रिय भएको पाईन्छ भने बालविवाह प्रथा भने पुर्ण रुपमा हटिसकेको पाईन्छ । यो जातीमा आफ्नो थर भन्दा बाहेक जुनसुकै थर तथा जातीसँग प्रेम विवाह गरेपनि कुनै विभेद र घृणा नगरेको पाईन्छ । तर आफ्नै थर र नाता भित्र प्रेम विवाह हुन पुगेमा यस समुदायले उक्त जोडीलाई सम्मान गर्दछ । यस वराम समुदायमा विवाह छोटो र कम खर्चिलो गराउनुपर्दछ भन्ने मान्यता पनि क्रमशः विकसित

हुदै आएको पाईन्छ । यसरी विवाह संस्कारमा परिवर्तन हुनुलाई वराम जातीको अन्य जाती सँगको प्रेम विवाह साथै आधुनिक सञ्चार र अन्य जातीसँगको देखासिकी एवं सचेत र वैज्ञानिक चेतनाको प्रतिफलको रुपमा लिन सकिन्छ ।

## ६.८ मृत्यु संस्कारमा परिवर्तन

यसअध्ययन क्षेत्रका वरामहरुको मृत्यु संस्कारमा पनि केहि परिवर्तन आएको पाईन्छ । बसाईसराई, एक ठाउँको केटी अर्को ठाउँमा विवाहबारी भएर जाँदा वा अर्को जातीका केटासँगको विवाहबारीको कारणले गर्दा पनि मृत्यु संस्कारमा परिवर्तन आएको हुनुपर्छ अन्य पुजा आजामा यहाँका वरामहरुको बाहुन पुरोहितद्धारा धार्मिक कार्य सम्पन्न गराउदछन् भने मृत्यु संस्कारमा पनि ब्राहमण द्धारा नै काम गर्ने गरिन्छ । जौतिल हाल्ने काम भने मृतकको भान्जाले गर्दछन् । क्रिया अवधीभर क्रियापुत्रीहरुलाई छुन हुदैन भनेर कोरा बारेर बस्दछन् र रातमा पनि कुरेर बस्दछन छिमेकीहरु । क्रियाअवधीभर मृतकको परिवार आफु भन्दा अर्को जातसँग पहिला पनि बोल्दैनथे् र यो परम्परा अहिले पनि उस्तै छ । मृतकको छोरी यदि अर्को जातको केटासँग विहे गरी गएको छ भने रक्सी चिउरा ल्याउन नपाउने अध्ययन क्षेत्रका वराम जातीहरु बताउछन् ।

वराम जातीमा मृत्यु भएमा शवलाई हिजोआज नुहाईदिने चलन पनि चलेको छ । शवलाई नुहाईधुवाई गरेर नयाँ कपडा लगाईदिने र मृतकले लगायको पुरानो कपडा र उसले जीवित छदा प्रयोग गरेको कपडा खाल्डो खनेर पुर्ने वा जलाउने चलन थियो विगतमा तर वर्तमानमा भने यो संस्कारमा परिवर्तन भएको देखिन्छ । मृतकले प्रयोग गरेका कपडा सम्झनाको लागी राख्ने चलन पनि बढेको छ । मृत शरीरलाई साढे पाँच मिटर सेतो कपडाले बेरिन्छ र बाह वर्ष मुनिका बच्चा बाहेक अन्य मृत शरीरलाई जलाईन्छ । तर कसै कसैले हिजोआज गाड्ने चलन पनि चलाएका छन् अध्ययन क्षेत्रका वराम जातीले । वराम जाती मानिसको मृत्यु हुदा सागर जाने मलामीहरु वराममात्रै हुन्थे केहि समय अगाडी भने हिजोआज अन्य जातीपनि मलामीमा सहभागी हुन्छन् तर मृतकलाई भने छुन हुदैन भन्ने भनाईमा कुनै परिवर्तन भएको पाइदैन । उनीहरुले शव जलाउदा जंगलमा दाउरा खोजेर सहयोग गर्ने चलन बढेको छ । शवलाई विभिन्न रगंका फुलहरुको माला लगायर शव राख्ने डण्डीहरुमा बाधेर लैजान्छन् घाटमा लगेर शव जलायपछि छ्याङ पिउने गर्दछन् । ब्राहमण

क्षेत्रीको मृत्यु संस्कारमा जस्तो एकदमै कडा रुपमा जुठो बार्नु नपर्ने अलि सहज र लचिलो किसिमको क्रिया गर्ने परम्पराको विकास हुदै गएको पाईन्छ ।

## ६.९ शैक्षिक क्षेत्रमा आएको परिवर्तन

यस अध्ययन क्षेत्रका वरामहरु अधिकाशं अशिक्षित छन् । शिक्षा सम्बन्धी चेतनाको अभावको कारणले प्रौढ बरामहरुको अवस्था कमजोर छ । तर वर्तमान अवस्थामा नयाँ सन्ततीहरुलाई शिक्षा दिनुपर्छ भन्ने ज्ञान उनीहरुमा विकास भएको पाईन्छ । त्यसैले लगभग सम्पुर्ण बालबालिकाहरु विद्यालयमा भर्ना हुने गर्दछन् । वरामहरुमा ७५% बालबालिकाहरु कक्षा ८ को पढाई उतिर्ण गर्न सफल भएको पाईन्छ भने २५% ले बिचैमा पढाई छाडेको पाईन्छ । यस अध्ययन क्षेत्रमा यस.यल.सी परिक्षा उतिर्ण गर्ने र सो भन्दा माथी पढ्ने ज्यादै कम मात्रामा पाईन्छ ।तर नयाँ पुस्तामा पढाई प्रतिको लगाव र आकर्षण तिव्र वृद्धि हुदै गएको पाईन्छ । विद्यालय स्तरका बालबालिकाहरु सबै विद्यालयमा भर्ना भएका पाईन्छ । विद्यालयमा भर्ना भएका बालबालीकाहरुको विद्यालय छाड्ने क्रम विगतमा भन्दा हाल आएर धेरै मात्रामा घटेको पाईन्छ ।पहिलाको तुलनामा वराम बालबालिकाहरुको विद्यालयहरुमा भर्नादर अन्य जातीहरुका बालबालीकाहरु झैं नै मिश्रित रुपमा नै रहेको अध्ययन क्षेत्रमा पर्ने विद्यालयका प्रधानाध्यापकहरुको भनाई छ । कक्षा ५ पढेपछि उकालो नलाग्ने वराम जातीका बालबालीकाहरु अहिले कक्षा १२ सम्म पनि अध्ययन गर्न गएको अध्ययन क्षेत्रमा पर्ने विद्यालयमा देख्न सकिन्छ ।

## ६.१० वराम जातीहरुको डोलेप्रथामा आएको परिवर्तन

पिछडिएको भनेर चिनिने जातीहरुमध्ये वराम जाती पनि एक हो गोरखा जिल्ला फुजेल गा वि स वडा नं १ रिमालबारी खुदीटार निवासी वराम जातीहरु विगतमा सामाजिक रुपमा अति नै पछाडी परेका जाती हुन् । गाउँमा ओजनदार काम गर्न पऱ्यो भने वरामहरुको नाम जोडिन्थ्यो । गाउँमा बिहे पऱ्यो भने दुलाहा दुलहीलाई बोक्ने काम, भोजमा अरुले खाएका भाडा माझ्ने काममा उनीहरु गयल हुन पाउँदैनथे । यस्तो खालको चलनचल्तीले वराम जातीलाई माथी उठ्न अरु जाती सरह समाजमा आफ्नो अस्तित्व कायम राख्न निकै कठिनाई थियो । यस्तो अवस्थामा विकास र सञ्चारको माध्यमबाट यिनीहरुलाई नयाँ बाटो रोज्न पर्ने बाध्यता रहयो् । किनकी अब बराम जातीहरु हेपीयर बस्न

नचाहने भएका छन् । बैदेशिक रोजगारको कारण र शिक्षाले यिनीहरुको आखाँ खुलाईदिएको छ । अब यिनीहरुमा गाउँमा बिहे पर्‍यो या अन्त कतै दुलाहालाई बोकेर दुलहीको घरसम्म पुर्‍याईदिने र फेरि दुलहीलाई बोकेर दुलहीको घर सम्म ल्याउनुपर्ने बाध्यताको अन्त्य भएको छ । किनकी यिनीहरु आफै सक्षम भइसकेका छन् । अध्ययन क्षेत्रमा २४ घरधुरीमध्ये २२ घरबाट प्रत्येक १/१ जना बैदेशिक रोजगारमा गएको पाईन्छ । आफ्नो शरीर बन्दकी राखेर भएपनि आफ्नो परिवारलाई दुःख नकटाउने उनीहरुको भनाई छ । अब फेरि यो पेशालाई खान नपाय विदेश नै जाने तर अब भरियाको काम नगर्ने अथवा भनौ कसैको विहे पर्दा डोले भएर नजाने उनीहरुको दाबी छ ।

## ६.११ खानपानमा परिवर्तन

फुजेल १ रिमालबारी खुदीटार बस्ने वराम जातीहरुको खाना सामान्यतया दाल भात तरकारी नै हो । यसमा पनि उनीहरु अब खानामा अण्डा पनि थप गरेर खाने माछा मासु खाईरहने बताउछन् । पहिले पहिलेका बाजेहरुले खानामा कन्जुस गर्थे पेटभरि खाना खान पनि दकस हुने गर्दथ्यो खाजाको रुपमा भए त्यही जाड खाइन्थ्यो, मकै पनि ढिडो खानलाई चाहिन्थ्यो भनेर उनीहरु बताउँछन । तर आजकल तिनै वरामहरुको खानपानमा निकै परिवर्तन देखिएको छ । उनीहरु बिहान उठ्नेबित्तिकै जाडको सट्टा चिया सेवन गर्न थालेका छन् । दाल भात तरकारीमा माछा मासु दिनहु सेवन गर्न थालेका छन् । खाजमा मकै पनि खान दकस मान्ने वरामहरु दिनहुँ चाउचाउ, चिउरा सेवन गर्न थालेका छन् । जाड र रक्सीको कुलतमा लागेर बाटोमा अश्लिल शब्द बोल्दै हिड्ने वरामहरु शिष्ट र सभ्य भाषामा कुराकानी गर्न जानेका छन् । यसरी वराम जातीहरुको खानपानमा परिवर्तन भेटियको छ । मीठो चोखो पाकेमा सबै मिलीजुली खाने पनि उनीहरु बताउँछन ।

# अध्याय : सात

# सारांश, निष्कर्ष

## ७.१ सारांश

जसरी यो धर्ती मैदान, खोच, चुरे पहाड, दुन बेसी, हिमाल आदी विविधताले भरियको छ त्यसरीनै नेपाली जनजीवन अनेक जाती, भाषा, धर्म,साहित्य, संस्कृती, विविधताद्धारा भरिभराउ र सुसज्जीत छ । नेपालमा त के आज विश्वमा नै शुद्ध रक्तको त कल्पना पनि गर्न सकिदैन । तैपनि रक्त मिश्रण भएतापनि लामो समयसम्म कुनै स्थान विशेषमा कुनै अल्पसंख्यक वा बहुसंख्यक जनजाती छुट्टै अस्तित्व कायम राखेर रहन्छ भने त्यसले आफ्नै पहिचान दिन पनि सक्दोरहेछ । पुर्खा एउटै भएमा पनि फरक फरक स्वरुप , सानो नेपाल अधिराज्य भित्र थप्रै गोत्र भएका जात जाती एवं जनजाती विद्यमान छन् । मंगोल र आर्य प्रजातीकै सयौ हजारौ हाँगा र डालाहरु नै नेपाली जनजातीको समुह भएको कुरा निर्विवाद छ । तर पनि को जाती को सँग निकट छ । र को कसको रक्त मिश्रण छ । भन्ने बारे बैज्ञानिक अध्ययन हुन बाँकी छ । आज नेपाली समाजलाई नाक थेप्चो र चुच्चोको हिसाबले आर्य र मंगोल मुलका भनेर सतही रुपमा वर्गीकरण गरेको पाईन्छ भने अर्को तर्फ ब्राहमण , क्षेत्री, मगर, गुरुङ, राई, लिम्बु, थारु, दनुवार, कामी, दमाई आदी नामले विभिन्न जातीको वर्गीकरण गरिन्छ । जुन जन्मको आधारमा वर्गीकरण भएको हो । नेपाली समाज पितृसत्तात्मक हुनाले बाबु जुन जातको हो छोरो त्यही जात बन्दछ । अर्न्तजातीय विवाहको यो युगमा नाक चुच्चो पनि देखिन्छ । किनकी आमा र बाबुबाट समान गुण सन्ततीमा जान्छ केवल झट्ट हेर्दा कुनै आमाको गोत्र त कुनै बाबुको गोत्र भएको देखिन्छ । तर भित्री गुण आधा आमाको र आधा बाबुको रहन्छ ।

जुनसुकै आधारमा भएपनि जनजातिय समुहहरु विद्यमान छन् । वरामहरु पनि एउटा आफ्नो विशेषता बोकेका पिछडीएको समुह हो । यस अध्ययनको शिर्षक वरामहरुको सामाजिक अवस्थामा आएको परिवर्तनको अवस्थाको एक अध्ययनमा आधारीत छ । गोरखा जिल्लाको फुजेल गा वि स वडा न १ रिमालबारी खुदीटारमा बसोबास गरिरहेका यी जातीहरुको पहुँच आरुघाट आर्खेत सडकबाट केहि नजिक भएपछि यिनीहरुको सामाजीक अवस्थामा सुधार केहि भएको पाईन्छ । आफ्नो छुट्टै अस्तित्व र पहिचान कायम गर्दै आएका

यि जातीहरु मंगोल अर्न्तगत पर्दछन् । वरामहरुको मातृभाषालाई वालकुरा भनिन्छ । उनीहरुका सामाजिक गतिविधी, व्यवहार तथा क्रियाकलापहरु अन्य समुदायका मानिसहरु सँग केहि मिल्दछन त कति मिल्दैनन पनि । विगतको अवस्थामा आर्थीक र शैक्षिक दृष्टिकोणबाट उनिहरु निकै पछि परेका थिए । तर आजकल सञ्चार तथा यातायातको सुविधाको कारणले यिनीहरुमा ठुलै परिवर्तन ल्याइदिएको छ । यस अध्ययनले वरामहरुमा आएको सामाजिक परिवर्तन तथा उनीहरुको जिवनस्तरको बारेमा समेत केहि खोतल्ने प्रयास गरिएको छ ।

गोरखा जिल्लाको फुजेल गा वि समा अवस्थित रिमालबारी खुँदीटार गाउँको वराम समुदायको बारेमा भएको सामाजिक परिवर्तन र अन्य गतिविधीलाई यस अध्ययनले प्रष्ट्याउने कोशिस गरिएको छ । अध्ययनको मुख्य उद्धेश्य उनीहरुको सामाजिक अवस्थामा आएको परिवर्तनको बारेमा जानकारी प्रदान गर्ने यिनीहरुको लोप हुन लागेको संस्कृतिको रक्षा गर्ने र यस जातीको विकासका लागी योजना तर्जुमा गर्ने नितीनिर्मातालाई सहयोग पुग्ने हुनाले यो शोध कार्य महत्वपुर्ण पनि रहेको छ ।

अध्ययन क्षेत्रमा भ्रमण गरी आएका प्राथमिक तथ्याङ्क तथा द्धितिय तथ्याङ्कका आधारहरुबाट तथ्याङ्क संकलन कार्य सफल पार्न खोज्दा प्राथमिक तथ्याङ्क अर्न्तगत घरधुरी सर्वे, अवलोकन, समुह छलफल जस्ता विधीहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरीएको छ । रिमालबारी खुदीटार गाउँमा भएका वराम समुदायको कुल जनसङख्या १६२ छ जसमा ७६ जना पुरुषहरु छन भने ८६ जना महिलाहरु रहेका छन् । वरामहरुको परिवारको आकार औषतमा ६.७५ देखिन्छ । गोरखा जिल्लामा सन् २०१२ मा लिएको जनगणनाका तथ्याङ्कअनुसार वरामहरुको कुल जनसङ्ख्या ६,७७५ छ जसमा पुरुषहरु ३,०३२ छन् भने महिलाहरुको जनसङ्ख्या ३,७४३ छ ।

वरामहरु परम्परागत रुपमा विभिन्न पेशाहरुमा आवद्ध थिए । जस्तै कृषि, श्रमिक, ज्यालादारी, डोले हुने पशुपालन थियो तर यिनीहरुमा विकासले नयाँ मोड लिएको छ वर्तमानमा यिनीहरु गाउँमानै बसेर ज्यालादारी गर्ने, डोले हुने, पशुपालन गर्ने आदी पेशाहरुलाई छोडेर आफ्नो परिवार पाल्नको लागी विदेश पलायन भएका छन युवाहरु भने वृद्ध वृद्धाहरु आफ्नो जन्मथलो कुर्ने माध्यम बनेका छन् । विदेश जान थालेपछि युवाहरु आफ्नो परिवारलाई पनि अस्थायी रुपमा नजिकका शहर बजार तिरै डेरा लिएर बालबच्चा

पढाउनका लागी राखेको यस अध्ययन भ्रमणबाट प्रमाणित भएको छ । अध्ययन क्षेत्रमा वरामहरुको साक्षरता प्रतिशत ५३.३३ प्रतिशत देखिन्छ । जसमा ५९.६४ प्रतिशत पुरुषहरु छन भने ४१.३६ प्रतिशत महिलाहरु साक्षर देखिन्छन् । प्राय सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका छन् भने विगतको तुलनामा कक्षा छोड्ने प्रवृति पनि घटेको देखिन्छ २०६५ सालमा १ जना किशोर मात्रै उच्चशिक्षामा भर्ना भएका थिए भने अहिले २०७२ सालमा ७ जना किशोर किशोरी भर्ना भएका अध्ययन क्षेत्रमा पर्ने विद्यालयका प्रधानाध्यापकले जानकारी दिनुभयो । विशेषगरी महिलाहरु सानै कक्षामा छदैमा कक्षा छाडेर विहे गर्थे भने सुचना र सञ्चारको विकासले यो क्रम पनि विस्तारै कम भएको छ । महिलाहरु पनि अध्ययन गर्न रुचाउने भएका छन् । अध्ययन क्षेत्रमा ५२.६३ प्रतिशत छात्र र ४७.३७ प्रतिशत छात्राहरु प्राथमिक तहमा अध्ययन गरिराखेका छन् । बालबालिकालाई विद्यालय पठाउने अभिभावकहरुको सङ्ख्यामा वृद्धि भईरहेको छ । साक्षरता दर बढाउने यो राम्रो संकेत हो । शिक्षा नै मानव विकासको खम्बा हो ।

सामाजिका संस्कारहरु मनाउने क्रममा जस्तै न्वारन, पास्नी, छेवर, विवाह, मा बढि खर्च गर्ने प्रवृतिमा परिवर्तन भेटिएको छ । आफ्नो आयस्रोत भन्दा निकै माथी रहेर भोज भतेर गर्ने खाने, पिउने, मात्ने क्रममा दिनप्रतिदिन परिवर्तन भईरहेको छ । यसको संकेत उनीहरु दिन प्रतिदिन शिष्ट्र र सभ्य बनिरहेका छन् । यस्ता बेलामा उनीहरु जति सको आफ्नो हैसियत अनुसारका खर्चगर्ने निकै राम्रो बानीको विकास भएको देखिन्छ । समाजमा गर्ने क्रियाकलापहरुमा परिवर्तनले वरामहरुको विकासको सकरात्मक पाटो मान्न सकिन्छ ।

वरामहरुको भेषभुषा, रहनसहन, तिव्र गतिमा बदलिदै गएको छ । अधिकांश युवाहरु कामको खोजीमा विदेशिने, काठमाण्डौ जाने, भारत तर्फ जाने भएकाले केहि आयआर्जनका साथै बाहिरी रहनसहन, भेषभुषा भित्रीएको पाईन्छ । खर्च गर्ने बानी विस्तारै घट्दै गएको पाईन्छ । उनीहरुको बाहिरी परिवर्तन सँगै आन्तरिक परिवर्तनमा पनि केहि वदलिएको पाईएको छ ।

वराम जातीहरुमा छोरा र छोरीमा विगतमा भेदभावको भावनाले हेर्ने गर्दथे भने वर्तमानमा आएर यो प्रवृति घटेको पाईन्छ । दुवैलाई यिनीहरुले समान व्यवहार गर्दछन् । जनसङ्ख्या नियन्त्रण गर्नका लागी उपलब्ध स्थायी र अस्थायी परिवार नियोजनका

साधनहरुको प्रयोग गर्नुपर्दछ भन्ने चेतनाको विकास भएको पाईन्छ। भ्यासेक्टोमी र संगीनी सुई यो समुदायको लोकप्रिय साधनहरु हुन।

युवायुवतीहरु गाउँ छाडेर शहर तथा अन्य ठाउँमा कामको खोजीमा जाने क्रम बढेको छ । सामाजिक पछौटेपन जस्तै धामी, झाक्री, बोक्सी, भुत, प्रेत सम्बन्धी विश्वासहरुमा कमि देखिएको छ। बच्चा आफु जो बिरामी भएपनि यिनीहरु अस्पताल नै पुग्ने गरेको पाईन्छ। अब उनीहरुमा भएका केहि राजनैतिक र शैक्षिक पछौटेपनलाई हटाइ सामाजिक रुपमा उत्थान गरी राष्ट्रिय मुल प्रवाहमा समाहित गराउन सबै पक्षबाट प्रयास हुनु आवश्यक देखिन्छ।

## ७.२ निष्कर्ष

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक बिशेषता बोकेको मुलुक हो । यहाँ विभिन्न सामाजिक ,धार्मिक, सांस्कृतिक विशेषता भएका मानिसहरुको बसोबास छ। यी मध्ये वराम जाती पनि एक हो। गोरखा जिल्लाको फुजेल गा वि स वडा न १ रिमालबारी खुदीटारमा बसोबास गर्ने वरामहरुको हालसम्म जानकारी अनुसार यिनीहरु किराँत जातिका शाखा हुन यिनीहरुको आफ्नै मौलिक भाषा, सस्कृती, भेषभुषा, रहनसहन र परम्परा छ। शैक्षिक चेतना र सञ्चारका माध्यमका कारण समाजमा जरा गाडेको अन्धविश्वास र कुरितीहरु विस्तारै हट्दै गएको छ। परापुर्वकाल देखि चलिआएको परम्परा र संस्कृतीले नयाँ बाटो लिएको छ।

वरामहरुको ईतिहास किरातहरुको उत्पतीको ईतिहास सँगै गासिएको छ । यिनीहरु कालीगण्डकी नदिको किनाराबाट गोरखा प्रवेश गरी बसोबास गरेका र गोरखा बाटै विभिन्न गा वि स हरुमा वितरित भएको ईतिहास भेटिएको छ।

वरामहरु मंगोलियन जातिमा पर्ने भएतापनि यिनीहरुले हिन्दु र बौद्ध दुवै धर्मलाई समान रुपमा अगालेको पाईन्छ। सामाजिक र सांस्कृतिक रहन सहनमा अन्य जातिहरुको प्रभाव यस जातीमा पनि परेको पाईन्छ।

यस क्षेत्रका वरामहरुको आपसी सम्बन्ध आफ्नै जातीसँग मात्र नभएर अरु जातीसँग पनि बढिरहेको देखिन्छ। आपत विपत पर्दा, मृत्यु हुदा छिमेकका अरु जातीसँग पनि सहयोग लिने चलन छ।

राष्ट्रिय साक्षरतादर सँग तुलना गर्दा अध्ययन क्षेत्रमा वरामहरुको शैक्षिक स्तर कमी देखिन्छ । पहिलाको तुलनामा लैङ्गिक भेदभाव हटेको पाईन्छ । धेरै परिवारहरु एकल परिवार अर्न्तगत पर्दछन । जमिन नहुनेहरुले जमिन्दारहरुका खेतबारीमा काम गरी केहिमात्रामा भनेपनि अन्नबालीहरु थन्क्याउने सु-अवसर प्राप्त गर्दछन् । उनीहरुका चाडपर्वहरुमा दशै, तिहार, बुद्धजयन्ती महत्वपुर्ण छन् ,।उनीहरुको जीवनमा परम्पराबादी धारणा ,आर्थीक अवस्थामा परिवर्तन भेटिन्छ ।

वराम जातीहरुमा जाड रक्सीको अधिक प्रचलन रहेको पाईन्छ । अतिथी सत्कारको लागी पनि उनीहरुले जाँड रक्सी अनि त्यसको अलवा चिया प्रयोग गरेको पाईन्छ । भईरहेको कुराहरुमा अझ बढि सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनैतिक अवस्थालाई विकास गर्न सकिने संभावना रहेकाले यस जातीलाई विकासको राष्ट्रिय मुल प्रवाहमा सम्मिलित गराउनु पर्ने आजको आवश्यकता हो यसका लागी यहाँ कमजोर पक्ष र समस्याहरु समाधान गर्नका लागी राष्ट्रिय तथा स्थानीय स्तरबाट अधिकतम प्रयास हुनु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामाग्री

आर्चाय, वलराम २०५९ नेपाली समाज र संस्कृतिको विश्लेशण, स्टुडेण्टस बुक्स एण्ड स्टेशनरी ।

Bista, Dor Bahadur, 2030, sabai Jatko Fulbari, Kathmandu:Sajha Prakashan .

Bista, Dor Bahadur, 2030, Sabai Jatko Fulbari, Kathmandu:Sajha Prakashan

चैतन्य मिश्र, २०७० बदलीदो नेपाली समाज ।

चैतन्य मिश्र,२०६५ पुजीवाद र नेपाल ।

Central Bureaau of Statistics 2001, Population Census, NPC, NepalKathmandu

Central Bureau of Statistics 2001, Nepal in Figure, Kathmandu HMG/Nepal

Fujel VDC, 2068 VDC profile Fujel, Kathmandu SamparkaSamitee.

James F. Fisher ,2010Globalization and Social Change

James F. Fisher 2011 – At Home in two world.

Kapil Dahal's 2009 Dissertation

Sharma Prayag Raj, 1978. Caste, Mobilization and Sanskritization, A Study on Nepal's old legal codes, Kailash Vol. 5 no.4

Sharma, Janaklal 2039, Hamro Samaj Ek Adhyan, sajha prakashan,Second edition.Kathmandu.

Thapa, A.K.1996, Baramu: A People in Transition, Kathmandu Nepal.

Yadav et. All, 2062, Baram- Nepli-English Basic Dictionary, TheNationalities, Sanepa Lalitpur.

## तथ्याङ्क संकलन गर्दा प्रयोग गरीयको अर्न्तवार्ताका प्रश्नावलीहरु

१. मितिः-

२. वडा नः-

३. घरधुरी सङ्ख्या नंः-

४. परिवारको प्रकारः- एकल संयुक्त अन्य

५.परिवार संङ्ख्याः- पुरुष महिला

६. शिक्षाः-

७. पारिवारिक विवरणः-

| क.स. | नाम | उमेर | लिङ्ग | घरमुलीसँगको सम्बन्ध | वैवाहिक स्थिती | शिक्षा | धर्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |

८. तपाईहरु यहाँ कहिले देखि बसोबास गर्दै आउनुभएको हो ?

९. तपाईहरुको थर वराम कसरी रहन गयो ?

१०. वरामहरुको वस्ती कुन कुन ठाउँमा रहेको छ ?

११. वराम जातीको उत्पत्तीको सम्बन्धमा केहि बताईदिन सक्नुहुन्छ ?

१२. परिवार नियोजन बारेमा केहि थाहा छ ?

१३. परिवार नियोजन गर्नुभएको छ ?

१४. परिवार नियोजनको कुन साधन प्रयोग गर्नुभएको छ ?

१५. कुन कुन चाडपर्व मान्नुहुन्छ ?

१६. चाडपर्व मनाउने क्रममा कुनै परिवर्तन आएको छ ?

१७. आएको छ भने पहिला के के गर्नुहुन्थ्यो ?अहिले के के गर्नुभएको छ ?

१८. कुन धर्म मान्नुहुन्छ ?

१९. अतिथी सत्कार गर्दा कसरी गर्नुहुन्छ ?पहिले र अहिलेमा कस्तो परिवर्तन आएको छ ?

२०. विवाह कुन कुन जातीसँग हुन्छ ?

२१. विवाह गर्ने प्रक्रिया के छ ?

२२. विवाह गर्ने प्रक्रियामा कुनै परिवर्तन आको छ ?

२३. मृत्यु संस्कार कसरी गर्नुहुन्छ ? विगत भन्दा अहिले कस्तो खालको परिवर्तन आको छ ?

२४. महिलाले कुन कुन गहना लगाउनुहुन्छ ?

२५. तपाईहरुले लगाउने गहनामा कुनै परिवर्तन आको छ ?

२६. विरामी हुदा आजकल कहाँ जानुहुन्छ ?

२७. जागीरको लागी घरभन्दा बाहिर कहाँ कहाँ जानुभएको छ ?

२८. घर गाउँमा बसेर खेतीपाती गर्नुभएको छ की छोड्नुभो ?

२९. गाउँघरमा बसोबास गर्दा विगत र वर्तमानमा के अन्तर पाउनुभएको छ ?

३०. विभिन्न कुराहरुमा परिवर्तन हुदा तपाईहरुलाई कस्तो अनुभव भएको छ ?

३१.फेरी तपाईहरु पहिलेकै पेशामा फर्कनुहुन्छ की त्यसमा चाहना छैन ?

३२.पिता पुर्खाले गरेका कामहरुमा अहिलेका युवा वर्गले अर्कै बाटो अंगाल्दा कस्तो महशुस भएको छ ?

३३. वरामहरुको मुख्य समस्याहरु के के हुन ?

३४. तपाईहरु कुन कुन देवीदेवता मान्नुहुन्छ ?

३५. तपाईहरुको मुख्य चाड कुन हो ?

३६. तपाईहरु कुन कुन जात्रा मनाउनुहुन्छ ?

३७. जात्रा मनाउदा विगत अहिलेमा कुनै परिवर्तन गर्नुभएको छ ?

# वरामजातीको जिवीकोपार्जन पद्धती र उनीहरुमा आएको सामाजिक परिवर्तन

गोरखा जिल्ला, फुजेल गा.वि.स वडा नं १ को एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र सङ्काय
समाजशास्त्र केन्द्रिय विभाग अर्न्तगत समाजशास्त्र विषयको
स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्नका लागी प्रस्तुत
शोधपत्र


प्रस्तुतकर्ता

शोभा पन्त
रोल नं. ३५८/०६७
त्रिभुवन विश्वविद्यालयको केन्द्रिय क्याम्पस
समाजशास्त्र, केन्द्रिय विभाग
कीर्तिपुर, काठमाण्डौ २०७२



वरामजातीको जिवीकोपार्जन पद्धती र उनीहरुमा आएको सामाजिक परिवर्तन शोभा पन्त २०७२